# आध्यात्मिक सन्देश

जगद्गुरुत्तम दिवस विशेषाङ्क

म.क्षे.हु.नि.द.नं. ०७/०६७/६८

दर्ता नं. ५६-०६२/६३

वर्ष १९, (पूर्णाङ्क १८५) E-mail: info@ssdham.org / media@ssdham.org / Website : www.divineclubworldwide.org २०८०



श्रीमत्पदवाक्यप्रमाणपारावारीण, वेदमार्गप्रतिष्ठापनाचार्य, निखिलदर्शनसमन्वयाचार्य, सनातनवैदिकधर्मप्रतिष्ठापनसत्संप्रदायपरमाचार्य, भक्तियोगरसावतार, भगवदनन्तश्रीविभूषित

**जगद्गुरु १००८ स्वामी श्री कृपालु जी महाराज**

# राधा गोविन्द गीत



रसिकशिरोमणि जगद्गुरु **श्री कृपालु जी महाराजले** पूर्ण सनातन ब्रह्म श्री राधाकृष्णका दिव्य नाम, रूप, लीला, गुण, धाम सम्बन्धी मधुरातिमधुर संकीर्तन काव्यहरूद्वारा जनजनलाई धन्यधन्य तुल्याउनुभएको छ । उहाँद्वारा प्रणीत अनेकानेक कृतिहरूमध्ये **राधा गोविन्द गीत** नामक ग्रन्थका केही दोहावलीहरू यस अंकमा प्रकाशित गरिएको छ । भगवान नामको महात्म्यले युक्त निम्न दोहाहरू वेदशास्त्रलगायत पूर्ववर्ति रसिक सन्तहरूका मतानुसार छन् । सरल ढङ्गमा प्रस्तुत गरिएका सिद्धान्तहरूका व्याख्या निकै नै मार्मिक छन् । आगामी अङ्कहरूमा पनि क्रमैसँग यस प्रकार अनमोल रत्नहरू प्रकाशित गरिने छ ।

श्री गुरु चरणों में गोविन्द राधे ।
शरणागति हो तो हरि ते मिला दे ॥

गुरु की कृपा बिनु गोविन्द राधे ।
कोई ऐसी शक्ति नहिं माया ते बचा दे ॥

एकमात्र कृष्ण भक्ति गोविन्द राधे ।
सब रोगों की औषधि बता दे ॥

देश काल नियम नहिं गोविन्द राधे ।
श्रद्धा भक्ति युक्त होके मन को लगा दे ॥

# सम्पादकीय

गुरुरेको जगत्सर्वं ब्रह्माविष्णुशिवात्मकम् ।
गुरोः परतंर नास्ति तस्मात्संपूजयेद् गुरुम् ॥ गुरुगीता २०९

(ब्रह्मा, विष्णु, शिव सहित समग्र जगत गुरुदेवमा समाविष्ट छ । गुरुदेव भन्दा बढी अरु केही पनि छैन, त्यसैले गुरुदेवको पूजा गर्नुपर्छ) । गुरु गीताको यही उद्‌गार सहित हाम्रा परम पूजनीय गुरुदेव जगद्‌गुरुत्तम श्री कृपालु महाप्रभुका सुकोमल चरणारविन्दमा सभक्ति वन्दना गर्दै समस्त साधकजन तथा भगवद् पथानुरागी महानुभावमा मकर संक्रन्ति २०८० तथा जगद्‌गुरुत्तम दिवसको भक्तिमय शुभकामना ।

सच्चिदानन्दघन, परमानन्द, परमात्मा परमेश्वरका असीम अकारण करुणाले मात्रै प्राप्त हुने 'यो देव दुर्लभ मानव देह, यो देहमा जाग्रत हुने भगवद् क्षेत्र सम्बन्धी जान्ने इच्छा तथा प्रेमभाव र यस्तो बखतमा भएको सद्‌गुरु मिलन' यी तीन देवदुर्लभ अवस्थाका विशेषताहरुको महिमाको वर्णन त भगवद्‌कृपा प्राप्त महापुरुषले मात्र गर्न सक्नुहुन्छ जुन वर्तमान कालमा हामीहरु सबैलाई प्राप्त भएको छ । यो नै करुणाकर भगवान्‌ले हामी उपर गर्नुभएको कृपाको प्रमाण हो ।

हाम्रा प्राण प्यारा गुरुदेव जगद्‌गुरु श्री कृपालु जी महाराजको दिव्य अवतरण यस धराधाममा इ.सन् १९२२ को अक्टूवर महिनाको शरद्‌पूर्णिमामा भएको खुसियालीमा अनेकौं सेवा साधना गर्दै यस वर्षको प्राकट्य (अवतरण) दिवस विशेष धूमधामका साथ मनायौं र आज उनै गुरुदेवले सम्वत इ.सन् १९५७ सालको मकर संक्रान्तिका दिन काशी विद्वत् परिषद्‌को पाँचसय जना अनेकौं वेद शास्त्रका ज्ञाता पण्डित विद्वान्‌हरुको सभाको सर्वसम्मत निर्णयले प्राप्त गर्नुभएको अनेकौं विभूषण र प्रशस्ती सहित **"जगद्‌गुरुत्तम"** पदको पद्यप्रसूनोपहार पाउनुभएको खुशियालीमा यो पर्व 'मकर संक्रान्ति तथा जगद्‌गुरुत्तम दिवस' मनाउने सौभाग्यशाली तरखरमा जुटेका छौं ।

आफ्‌ना गुरुले देखाइदिनु भएको मार्गमा उहाँले सिकाउनु भएको सेवा साधना आदि गर्दै निर्वाध रूपमा अगाडि बढ्दै यसै मानव देहमा लक्ष्य प्राप्ति गर्ने दृढ प्रयासरत रहनु विवेकी साधकजन तथा प्रत्येक व्यक्तिको परम कर्तव्य हो, यो मर्म तत्त्वज्ञानी सबै महानुभावहरुमा सर्वविदितै छ ।

न सुखं वेदशास्त्रेषु न सुखं मंत्रयंत्रके ।
गुरोः प्रसादादन्यत्र सुखं नास्ति महीतले ॥ गुरुगीता

भगवान् शंकर पार्वती मातालाई बताउनु हुन्छ कि "वेद र शास्त्रहरुमा सुख छैन, मन्त्र र यन्त्रमा सुख छैन । यस पृथ्वीमा गुरुदेवको कृपा प्रसाद बाहेक अन्यत्र कतै पनि सुख छैन ।" यस्तो गुरुकृपा पाउनु हुँने सम्पूर्ण सौभाग्यशाली जनको अहोभाग्यको के वर्णन गर्नु यो सबैको आ-आफ्‌नो अनुभवको विषय हो । यस्तै कृपा आगामी दिनहरुमा अन्य सबैले प्राप्त गर्न सकून्, हाम्रा गुरुदेवको कीर्ति सम्पूर्ण पृथ्वीमा फैलियोस् र सम्पूर्ण जगत्‌लाई भगवदीय आनन्द प्राप्तिको मार्गमा हिड्ने अभिप्रेरणा मिलोस् भन्ने हेतुले आगामी दिनहरुमा हरिगुरु प्रीत्यर्थ सेवा साधनादि गर्ने दृढ संकल्पसहित अगाडि बढ्न सकौं र सम्पूर्ण जनमा सदा सर्वदा गुरुकृपा बनी रहोस् "जगद्‌गुरुत्तम दिवसको पुनः पुनः शुभकामना ।"

**जय श्री राधे !**

सम्पादक : सम्पादक मण्डल



# "सकाम एवं निष्काम प्रेम"

**यो** निष्काम शब्द निकै महान् अवस्थाको हो। सुरुमै निष्काम कोही पनि हुन सक्तैन। कामना त सबैको भित्र त भई नै हाल्छ, त्यो भगवान्को दर्शनको कामना होस्, भगवान्को प्रेमको कामना होस्, मायाबाट मुक्तिको कामना होस्, कुनै पनि कामना अझै बाँकी नै छ। कामनालाई लिएर उपासना सुरु हुन्छ, फेरि विस्तारै, विस्तारै बढ्दै बढ्दै, बढ्दै बढ्दै जति जति संसारको एटैचमेन्ट घट्दै जान्छ, इन्द्रियहरुको सुख नीरस लाग्न थाल्छ त्यति नै निष्काम बन्न थाल्छ। समय लाग्छ। ठूला ठूला महापुरुषहरु मध्ये हजारौं लाखौंमा कोही निष्काम हुन्छ। तर तल गिर्नेवाला त बडो खतरनाक हुन्छ। थाहा नै हुँदैन कुनबेला कति तल गिर्छ वा सदाको लागि नै गिर्छ। संसारमा जसको पतन भयो उसको फेरि कुनै भर हुँदैन र जो सदा हरि गुरुको नै चिन्तनमा लागिर हन्छ ऊ गिर्नबाट बचिहाल्छ। गुरुको साथमा हुनुको कुनै महत्त्व रहँदैन। वास्तवमा महत्त्व हुन्छ मनको लगाव, मनको शरणागति निरन्तर बनिरहोस्। साथमा रहँदा दोष-बुद्धि पनि हुन सक्छ।

श्रवणाद् दर्शनाद् ध्यानान्मयि भावोऽनुकीर्तनात्।
न तथा सन्निकर्षेण प्रतियात ततो गृहान्॥
(भाग. १०-२९-२७)

जब गोपीहरु श्रीकृष्णकहाँ गए र भने कि "हामीले सबै सुख छाडि दियौं, मनले हजुरको शरणमा आएका छौं, हजुरले हामीलाई कसरी छोड्न सक्नुहुन्छ।" भगवान्ले भन्नु भयो - "घर मा जाऊ र मेरो ध्यान गर, कीर्तन गर, सत्संग गर अनि प्रेम अझ बढ्छ। सँधै साथमा रहनाले त्यति प्रेम बढ्दैन, दोष बुद्धि आउँछ। यसकारण तिमीहरु फर्किहाल आफ्नो घर तिर।" धेरै समयसम्म साथ नमिलोस्, यो पनि हानिकारक हुन्छ साधकका लागि र हमेशा साथ मिलोस् यसमा पनि खराबी आउन सक्छ। यसकारण तपाइहरुले देख्नु भएको होला बृन्दावनको बिहारीजीको मन्दिरमा पर्दा हटाउँछन्, फेरि लगाउँछन्, पर्दा हटाउँछन्, फेरि लगाउँछन्। संयोग वियोग, संयोग वियोग। अब परिपक्व भईसके पछि त अन्यत्र भएपनि केही फरक

पर्दैन, साथमा रहे पनि केही फरक पर्दैन। तर जो साधक छ सदा साथमा रहँदैमा धेरै अगाडि बढ्न सक्छ। यो विचार गलत हो। वास्तविक चिज हो मनको साथ। उनी साथमा भएपनि मनलाई साथमा राख्ने अभ्यास गर्नुपर्छ। मन शरणागत रहोस्। सँगै रहेर पनि यदि विपरित चिन्तन भयो भने त झन् बरबाद हुन्छ।

प्रेममा दुई पक्षहरु हुन्छन् - एक सकाम र एक निष्काम। सकाम प्रेमको बारेमा त सबैलाई थाहा नै छ अर्थात् आफ्नो इन्द्रियहरुलाई सुख दिने प्रेम। यो सकाम प्रेम हो। निष्काम प्रेम, जसमा आफ्नो सुखको कामना नरहोस्, केवल हरिगुरुको इच्छामा इच्छा राख्दै उनलाई प्रसन्न, सुखी राख्ने भावना होस्। उनको हरेक कार्य, हरेक व्यवहारमा हामी सहर्ष गद्‌गद् भईहालौं। अर्थात् उनको इच्छामा इच्छा राख्नु नै निष्काम प्रेम हो। भगवान् र गुरुसँग सकाम प्रेम गर्दा तल झर्ने डर हुन्छ। किन ? यसकारण कि तिमीले बदलाको भावना राखेका छौ। हामी प्रेम गर्छौ भने उनले पनि गरुन्। यस्तो हाम्रो बानी छ। अनादिकालदेखि हामीले संसारमा यही नै गर्दै आयौं। हामीले जोसँग प्रेम गऱ्यौ उसले पनि हामीसँग गरोस्। यदि गर्दैन भने हामीले पनि गर्दैनौ। यदि यस्तो प्रेम हामीले गुरुसँग वा भगवान्सँग गऱ्यौ भने भोलि हामी तल गिर्छौ किनभने हामी बदलाको भावनाले प्रेम गरिरहेका छौं। आफ्नो इन्द्रियहरुको सुख चाहन्छौं। त्यो पाइएन भने मुड अफ र एबाउट टर्न भई हाल्नेछौं। आज नत्र भने भोलि। यो सकाम प्रेममा खतरा छ। निष्काम प्रेम, भगवान्को प्रति, गुरुको प्रति, क्षण क्षणमा अत्यन्त छिटो छिटो अगाडि बढ्न थाल्छ किनभने हामी आफ्नो गुरुको, आफ्नो इष्टदेवको नै सुख चाहन्छौं। उनको जुन आज्ञा छ त्यो हाम्रो लागि शिरोधार्य छ। उनको कुनै पनि आज्ञामा हामी आफ्नो बुद्धि लगाउँदैनौं। पूर्ण समर्पणको भावनाले हामी उनलाई प्रेम गर्छौ, उनको भक्ति गर्छौ। बस् पूर्ण शरणागति नै हाम्रो लक्ष्य हुन जान्छ। त्यसोभए निष्काम प्रेमले हाम्रो पतन हुन सक्तैन यसकारण सन्तहरुले हामीलाई आदेश दिन्छन् कि सन्त एवम् भगवान्सँग सदा निष्काम प्रेम नै गर जसले गर्दा पतन नहोस् र अगाडि बढ्दै जाओस् यसरी अन्तःकरण शुद्ध भइहालोस्। जब अन्तःकरण शुद्ध हुन्छ तब फेरि तपाइलाई वास्तविक प्रेम गुरुबाट मिल्नेछ र तपाइ सदाको लागि मालामाल भइहाल्नु हुनेछ।

जगद्‌गुरु श्री कृपालु जी महाराज
(साभार : "प्रश्नोत्तरी" पुस्तक बाट)





# प्रेम रस मदिरा
## दैन्य-माधुरी

श्याम हौं कब ब्रज बसिहौं जाय।
श्यामा श्याम नाम गुन गावत, कब नैनन झरि लाय।
कब विचरौं गहवर वन वीथिन, राधे राधे गाय।
कब झूमत वृंदावन–कुंजनि, फिरौं हिये हुलसाय।
कब लपटाय लतन गोवर्धन, कहौं हाय पिय हाय।
कब लोटत 'कृपालु' ब्रज रज बिच, हौं जैहौं बौराय॥

भावार्थः-

हे श्यामसुन्दर ! म व्रजवासी हुन पाउने दिन कहिले आउला ? राधाकृष्णका विविध नाम र गुण गाउँदै मेरा आँखाबाट निरन्तर आँसुका धारा कहिले बग्लान् ? गहवरवनका गल्लीहरुमा प्रेमपूर्वक 'राधे राधे' भन्दै म कहिले घुम्न पाउँला ? वृन्दावनका कुञ्जहरुमा उल्लासपूर्वक झुम्दैझुम्दै म कहिले घुम्न पाउँला ? गोवर्धन पर्वतका लहराहरुलाई आलिङ्गन गर्दै अधीर बनी तिम्रो मधुर मिलनको आकाङ्क्षा लिएर 'हाय पिय ! हाय पिय !' भन्न म कहिले सकुँला ? श्रीकृपालुजी भन्नुहुन्छ – ब्रजको धूलोमा लटपटिँदै प्रियतमको प्रेममा बिभोर भएर साँच्चैको पागलजस्तो हुन म कहिले पाउँला ?



# म सदा तिम्रो साथमा छु

१. म कही पनि गई रहेको छैन । यस्तो कहिल्यै नसोच । म सदा शरणागतको साथमा रहनेछु ।

२. गुरु हाम्रो अत्यन्त निकट हुनुहुन्छ, दिन रात हाम्रो साथमा रहनु हुन्छ । उनको वियोग कहिले पनि हुँदै हुँदैन ।

३. नर्कमा पनि उहाँ हाम्रो साथमा रहनु हुन्छ । उहाँले हाम्रो साथ छाड्नु हुन्छ, यस्तो कहिल्यै सोच्नु भएन । सोच्ने मात्र होइन - अनुभव गर्नु पर्छ ।

४. हरिगुरु सदा साथमा हुनुहुन्छ भन्ने मान । यसबाट कामादि दोष जान्छ ।

५. इष्टदेव एवम् गुरुलाई सदा सर्वत्र आफ्नो साथमा निरीक्षक एवं संरक्षक को रूपमा मान्नु पर्छ । आफुलाई कहिल्यै एक्लो नठान ।

भवदीय

जगद्गुरु कृपालु जी महाराज

(साभार : "आत्मनिरिक्षण" पुस्तकबाट)

# कर्म योग कि कर्म सन्यास



उत्तम त कर्मयोग नै बताइएको छ :

सन्यासः कर्मयोगश्च निः श्रेयसकरावुभौ ।
तयोस्तु कर्मसन्यासात्कर्मयोगो विशिष्यते ॥
(गीता ५-२)

दुवै कल्याणकृत छन्। तर यी दुवै मध्ये कर्मयोग विशेष राम्रो छ। यसकारणले कि यदि कुनै महापुरुषले कर्मयोग गऱ्यो भने उसको नक्कल गर्नेवालाहरु भक्तिको नक्कल त गर्न सक्तैनन् तर कमसे कम कर्मको नक्कल त गर्न सक्छन् अनि विकर्मी त बन्दैनन्। यदि कर्मसन्यासको महापुरुष छ भने उसको नक्कल गर्छन् भने कर्मलाई छाडिदिन्छन् र भक्ति त साह्रै मुश्किल नै हुन्छ गर्न का लागि, उनीहरुले त्यो त गर्ने छैनन्। यसकारण भगवान्ले अर्जुनलाई भन्नु भयो - तँ कर्मयोगी बन्, किनभने कर्मको नक्कल त मानिसहरुले गर्नेछन्, कमसेकम विकर्मी त बन्ने छैनन्। बाँकी फलमा कुनै अन्तर छैन। साधनामा ठुलो अन्तर छ।

कर्मयोगीको साधना बडो कठिन हुन्छ किनभने संसारसँग सम्पर्क भई रहन्छ। संसारी एटमोसफेयर (वातावरण) मा रहनु

पर्छ, त्यसको असर पर्छ नै अनि साधनाको स्पिड बढ्न सक्तैन । यदि पहिले साधना गऱ्यो भने कर्मसन्यास गरेर अझ पक्का भइहाल्छ अनि कर्मयोग गर्दा हुन्छ । जस्तै प्रह्लाद आदिले करोडौं वर्ष राज्य गरे । फेरि पनि संसार उनीहरु माथि हावी हुन सकेन । पहिले  दूधलाई जमाउनु पऱ्यो, दही बनाउनु पऱ्यो, एकान्तमा - यो कर्म सन्यास । त्यसपछि त्यसलाई मथेर मख्खन निकालौं अनि त्यसलाई पानीमा राखिदिऊँ । कुनै डर हुँदैन, पानी माथि तैरी रहन्छ मख्खन । यसरी नै विशेष साधना गरेर केही भगवद् विषय प्राप्त गरि हाल्नुस् अनि कर्म गर्नु भयो भने कर्ममा आसक्ति हुँदैन ।

यसप्रकार साधनाको दृष्टिबाट त कर्मसन्यास श्रेष्ठ हो तर लोक-कल्याणको दृष्टिबाट कर्मयोग श्रेष्ठ हो ।

सबैभन्दा ठूलो हानि के हो ? भन्ने जिज्ञासाको उत्तरमा श्री महाराजजी भन्नु हुन्छ -


सा हानिस्तन्महच्छिऽ समोहः स विभ्रमः ।
यन्मुहुर्तं क्षणंवापि वासुदेवं न चिंतयेत् ॥
(वि. पु.)

अर्थात् मनुष्यको जुन मुहूर्त वा जुन क्षण श्रीकृष्णको स्मरणको बिना व्यतीत हुन्छ त्यो मुहूर्त वा क्षण नै मनुष्यको पक्षमा ठूलो हानी तथा महान् दोष एवं महान् मोहभ्रम हुन्छ । एकपटक उध्दव परमहंसले श्रीकृष्णलाई प्रश्न गर्नु भयो कि सबैभन्दा ठूलो लाभ के हो ? श्री कृष्णले उत्तर दिनुभयो -

लाभो मद्भक्तिरुत्तमः (भाग. ११-१९-४०)

अर्थात् जीवको एक मात्र लाभ हो मेरो भक्ति प्राप्त गर्नु ।

जगद्गुरु श्री कृपालु जी महाराज
(साभार : "प्रश्नोत्तरी" पुस्तकबाट)




प्रेमरस संकीर्तन नया संस्करण श्यामा श्याम धाम, ठिमी भक्तपुर पुस्तक स्टलमा उपलब्ध छ ।





# प्रारब्ध

यदि मनुष्यले सम्पूर्ण जीवन ठिक ठिक साधना गरोस् र अन्तिम केही क्षणको अवधिमा नास्तिक भई हालोस्, यस्तो यदि कसैलाई भयो भने के उसलाई चौरासी लाखमा भटकिनु पर्छ ? हो, अन्तिम समयमा उसको स्थिति जे हुन्छ त्यसैको फल पाउँछ। तर पहिले जे जस्तो भक्ति साधना गरिसकेको हुन्छ त्यो पनि ऊसँग जम्मा रहन्छ। यो जुन पछिल्लो वाला छ यसको फल पहिले भोग्छ अनि पहिलेको (पुरानो) फल भगवान्ले पछि दिनुहुन्छ। अर्थात् पहिले त ऊ यस संसारमा जन्म लिन्छ, दुःखी हुन्छ, नास्तिक हुन्छ र पछि जब उसको नराम्रो प्रारब्ध समाप्त हुन्छ, भोग गरेर, अनि भक्तिको भाग जुन उसले कमाएको छ, जुन जम्मा छ, त्यसको फल दिइन्छ। ब्यर्थ जाँदैन केही पनि। ब्यर्थ त एक क्षणको भक्ति पनि जाँदैन। कर्म ब्यर्थ जान्छ, योग ब्यर्थ जान्छ, ज्ञान ब्यर्थ जान्छ, तर भक्ति खेर (ब्यर्थ) जाँदैन, त्यो सबै अमिट हुन्छ। यसले यति मात्रामा भगवन्नाम लियो, यति मात्रामा गुरु सेवा गर्‍यो, यी सबै चिजहरु भगवान्को साथमा एक एक क्षण रेकर्ड राखिएको छ, लेखिएको छ। त्यसको फल उसले पाउँछ।

त्यो संस्कार जुन हाम्रो पुर्व जन्मको हुन्छ, जसको हामीले प्रारब्ध भोगि रहेका हुन्छौँ। जब सम्म प्रारब्ध भोग्नु पर्‍यो तब सम्म एउटी बाजारु महिलामा अजामिल पनि संसारमा घोर आसक्त रह्यो, । सूरदास पनि एउटी बाजारु महिलामा आसक्त रहेका थिए, आफ्नो खराब संस्कारको कारण । नेचुरलिटी (स्वाभाविक) थिएन त्यो । जब त्यो भोग समाप्त भयो, प्रारब्धको, नराम्रो पापको, त्यो जुन उनीहरुको ओरिजिनल (वास्तविक) रूप थियो, जहाँ उनीहरुको साधना समाप्त भएको थियो पहिलेको जन्ममा, त्यहाँ एकदम पुर्‍याई दिनुभयो भगवान्ले । अनि एकदम परिवर्तन भइ हाल्यो । नत्र भने संसारमा यस्तो त हुँदैन । प्रायः यस्तो देखिदैन, कसैको स्त्रीप्रति यति धैरै आसक्ति होस् कि सर्पलाई डोरी सम्झोस्ख । ऊ जब स्त्रीकहाँ पुग्यो भने उसको स्त्रीले यस्तो भन्न सक्तिन कि तिमीले त्यो सर्प समातेर आएका छौं, तिमीलाई लाज लाग्दैन।



यति प्रेम भगवान्लाई गरेको भए भगवत्प्राप्ति भइ हाल्ने थियो । स्त्री त विभोर हुनु पर्ने थियो कि मेरो लागि यिनले सर्पलाई डोरी सम्झेर समाते । ओहो ! यति धेरै प्रेम गर्दा रहेछन् । तर भगवान्लाई जुन फल दिनु पर्ने थियो यसकारण स्त्रीको दिमागमा बसेर यस प्रकारले घुमाइदिएर बोल्न लगाए कि तँ यसरी बोल तब यसलाई ठक्कर लाग्नेछ, अनि यसलाई पूर्वजन्मको फल दिनेछु, अनि यो सन्त भइ हाल्नेछ यसै जन्ममा । अरे अर्को जन्मको त के कुरा छ एक क्षणमा भई हाल्छ । जसरी एकजना व्यक्तिले उनन्सय हजार जम्मा गरेको छ बैंकमा, अब छ महिनामा, आठ महिनामा जम्मा गर्न सकेन र ऊ लखपति बन्न सकेन। त्यसपछि फेरि उसले हिसाब गऱ्यो, उसले एक हजार अरु जम्मा गऱ्यो। आज ऊ लखपति भई हाल्यो । यसै प्रकार अनेकौं जन्मको संस्कार जीवको जम्मा भई रहेको हुन्छ, त्यसलाई मनुष्यले जान्न बुझ्न सक्तैन। भगवान्ले उसलाई समय समयमा फल दिइ राख्नु हुन्छ, राम्रो कर्मको पनि, नराम्रो कर्मको पनि, यदि नराम्रो कर्मको फल नदिइयो भने मनुष्यलाई होस् नै आउँदैन । यति दुःख पाउँदा त यो हाल छ मनुष्यको कि भगवान्को भक्ति गर्दैनन् र यदि दुःख नै न पायो भने कसले भगवान्लाई मान्छ र ? भगवान्ले सही सही कर्मको फल दिनुभएन भने हामीले जुन यस जन्ममा साधना गरेका छौं दस घन्टाको दस वर्षको, जे पनि गरेका छौं सबै बेकार भई हाल्ने छन्। फेरि अर्को जन्ममा सुरु गर्नु पर्ने हुने थियो क ख ग घ देखि।

यस प्रकार त कहिल्यै पनि भगवत्प्राप्ति गर्न सकिन्न । असल कर्मको फल दिनु हुन्छ भगवान्ले, यसले गर्दा हामी अगाडि बढ्न सक्छौँ र नराम्रो कर्मको फल दिनु हुन्छ, यस्ले गर्दा हामीले दण्ड पाउँछौं। फिल गर्छौं कि हामी कि गरिब किन भयौं ? यिनीहरु धनी किन छन ? कृपालु ले बताई रहनु भएको थियो कि जसले दान गर्दछ यस जन्ममा ऊ अर्को जन्ममा अँगुठा छाप (न पढेलेखेको) पनि करोडपति भई हाल्छ । उसले आफ्नो पूर्व जन्मको दानको फल प्राप्त गरेको हुन्छ। उसको आफ्नो कुनै कमाल (पुरुषार्थ) होइन। यो कुरा हो भने हामीले दान गर्नु पर्छ , होइन भने अर्को जन्ममा हामी पनि भिखारी बन्ने छौं, दुई रोटीको लागि पाप गर्ने छौं। यो सबै जसले फिल गर्छ उसको कल्याण हुन्छ।

जगद्गुरु श्री कृपालुजी महाराज
(साभार : "प्रश्नोत्तरी" पुस्तकबाट)



## अर्काको दोष देख्नबाट बचौं


हरेक समय श्रीकृष्ण हाम्रैसाथ हुनुहुन्छ भन्ने मान्यताको अभ्यास गरिरहू र संसार के हो भन्ने कुरा सब भुलिदेऊ। यो समयमा तिमीले यो संसारमा मेरो कोही पनि छैन भन्ने कुरा महसुस गर्नुछ र यो सत्य पनि हो। हामीले दिनहुँ देखिरहेका पनि छौं संसारमा सबैलाई एक्लै जानुछ र एक्लै आएका पनि हौं। यस यात्रा बीचमा घर, आमा, बाबु, पती, पत्नी, छोरासँग त शरीर संचालन गर्नको लागि मात्र सम्भब छ। हाम्रा असली मातापिता र नातेदार त केवल भगवान् तथा महापुरुष नै हुन्। तसर्थ हरदम हरि तथा गुरुको ध्यान सधैं गरिरहू। कुनै साधकले कुनै गल्ती गरिहाले पनि त्यस गल्तीलाई वास्तै नगर। बरु यो गल्ती मैले किन देखें? भनी आफैंलाई प्रश्न गर। कहिलेकाहीं हामीहामी बीचमा साना साना कुराहरू अथवा व्यवहारमा एक अर्काप्रति दुर्भावना उत्पन्न हुने गर्छ तर यस्तो भावना आफूमा कहिल्यै आउन नदेऊ।

तुलसीदासजीले पनि भन्नुभएको थियो-

**तिन आँखिन मह धुरी भरी भरी मुठी मेलिए।**

अर्थात् जुन आँखाबाट प्रभुको लागि आँसु आउँदैन त्यो आँखामा मुठी भरी भरी धूलो हाल।


महाप्रभुजी भन्नुहुन्छ- यस्तो तिमीहरू नगर। यो त तुलसीदासजीले भावनामा आएर लेखिदिए। धूलो आँखामा हालेर आँखा नफुटाऊ। यसको भाव भनेको केवल अनुभव गर्नु हो। के चिजको अहंकार छ हामीमा ? कति दिनको जीवन छ, भोलि भेट हुन्छ हुँदैन यो शरीर त एक दिन जाने नै हो। यति भन्दैगर्दा साधकले गुरुलाई छातिमै टाँस्नुभयो। यो देखेपछि उसको दोष देख्ने व्यक्ति जिल्ल पर्दै भन्यो- सत्संगबाट निकालिनुपर्ने व्यक्तिलाई झनै छातिमा टाँसिरहनुभएको छ। महाराजजीले दोष देखाउने व्यक्तिलाई गाली गर्दै भन्नुभयो- तिमी यहाँ श्रीकृष्णको साधना गर्न आएका हौकि अरुले के गर्छन् भनेर अनुसन्धान गर्न आएका हौ ? बरु तिमीले अपराध ठानेका यी व्यक्ति बिल्कुलै अपराधी होइनन् किनकि यिनको लक्ष्य मनोरञ्जनको लागि, अरुलाई देखाउनको लागि अर्थात् स्वार्थ सिद्ध गर्नको लागि नभएर भावको आँसु निकाल्न आफूलाई दण्ड दिइरहेका छन्। तसर्थ यदि कसैबाट कुनै पनि गल्ती भै गयो भनेपनि यसले किन गल्ती गरिरहेको छ भनेर कुनै वास्ता नगर। बरु आफूभित्रको दोष हेर।



## जगद्गुरूत्तम अमृतवाणी

भगवान् र गुरुका कार्यमाथि यदि कसैले संशय गर्दछ भने ऊ ईश्वरीय जगत्मा पहिलो कक्षाको विद्यार्थी पनि होइन । भगवान् एवं गुरुले गरेका कार्य बुझ्नु आश्चर्य हो र नबुझ्नु स्वाभाविक नै हो । किनकि तिमी मायिक जीव हौ र सन्त तथा भगवान् अमायिक एवं दिव्य हुनुहुन्छ । भगवान् र गुरुका सबै कार्यहरूको अवलोकन गरी नापजाँच गर्न थाल्यौ भने शास्त्रका भनाइअनुसार तिमी सदैव पछि पर्नेछौ । किनकि ईश्वरीय जगत्को कानुन सूक्ष्म एवं रहस्यपूर्ण छ । उनैको शरणागतिबाट मात्रै तिनको ज्ञान हुन्छ ।

-जगद्गुरु श्री कृपालु जी महाराज



## जगद्गुरु श्री कृपालु जी महाराजसँग साधकहरुले राखेका जिज्ञासा एवम् तिनको नेपाली रुपान्तरण

# भाग १६६

**जिज्ञासा : साधक भगवान्‌तर्फ तीव्रताका साथ बढ्‌न सक्ने साधनाको प्रमुख सिद्धान्त कुन हो ? सेवा राम्रो हो कि भजन–कीर्तन ?**

**समाधान** : सेवा त अन्तिम लक्ष्य हुँदै हो। यसमा सबै इन्द्रियहरू लागिरहन्छन् । भजन-कीर्तन केवल मनद्वारा हुन्छ, अनि यी भजन कीर्तनका लागि एकान्त पनि चाहिन्छ । सेवा चाहिँ संसारमा काम गर्दागर्दै पनि हामी चौबिसै घन्टा गर्न सक्छौं। यसै हुनाले सेवाको महत्त्व अधिक छ। शर्त यति नै हो कि– त्यो सेवा हरिगुरुकै निमित्त होस् ।

**जिज्ञासा : एउटा सत्सङ्गीको व्यवहार अर्को सत्सङ्गीप्रति कस्तो हुनुपर्छ ?**

**समाधान** : बस्, केवल सत्सङ्गको व्यवहार हुनुपर्छ। यसबाहेक न कुनै कुरा गर्नुहुन्छ, न त कुनै कुरा सुन्नु नै हुन्छ । हाम्रा सत्सङ्गमा सबैभन्दा ठूलो दोष नै यही छ कि कसैका घरमा कीर्तन छ भने पनि त्यहाँ एक घन्टा, आधा घन्टाको कीर्तन हुन्छ अनि त्यसपछि एकआपसमा केवल निरर्थक कुरा भैरहन्छन् । त्यसैले यो प्रतिज्ञा गर्नुपर्छ कि– सत्सङ्ग समाप्त भयो कि राधे राधे भन्यो हिँडिदियो, ज्यादै जरुरी काम छ भन्ने बहाना गरेर भएपनि हिँडिहाल्नुपर्छ। त्यहाँ कीर्तन सकिएपछि धेरै बेर बस्नै हुँदैन। जुनबेलासम्म हरिगुरुको चर्चा हुन्छ, त्यतिबेलासम्मको मात्रै सम्बन्ध राख्नुपर्छ । किनकि मान्छेको आदतै खराब छ । धेरै जसोको सत्सङ्गमा रुचि नै कम छ । निरर्थक कुरामा बढी रुचि हुन्छ धेरैजसोको । अनि त धेरै कुराले अन्तःकरण पनि खराब हुन्छ, एक आपसमा द्वेष भावना पनि पैदा हुन्छ। धेरै बोल्दैजाँदा एउटाले भनेका कुराले अर्काको चित्त दुख्न थाल्छ । हाम्रो यस संसारमा जे जति गृहस्थी छन्, तिनीहरूका घरमा बाबु आमा, छोरा छोरी, पति पत्नी आदिका बीचमा नै पनि एकआपसमा जुन व्यवहार हुन्छ, त्यसमा सबैभन्दा नराम्रो पर्ने भनेकै मुखले नै हो । यदि साधना गर्नु छ न भने बरु नगरे हुन्छ, तर मुखलाई चाहिँ सबैले नियन्त्रणमा राख्नैपर्छ । त्यसो भयो भने मात्रै घर व्यवहार राम्रोसँग चल्न सक्छ । तर के गर्नु वाणी त कसैको पनि बन्द हुँदैन । चाहे बाबु होस्, चाहे छोरो होस्, चाहे पति वा पत्नी नै किन नहुन् । तिनीहरू एक अर्कालाई तुरुन्त कड्‌केर जवाफ लगाइहाल्छन् । बस्, कुरैकुरामा कुरा बढ्दैं जान्छ, क्रोध उत्पन्न हुन्छ, चित्त दुख्छ, आत्मशक्ति नष्ट हुनजान्छ। अनि कहिलेकाहिँ त कुरा ज्यादै बढेर कहाँ पुग्छ कहाँ ? सुरुआत कसरी भयो त भनेर सोध्ने हो भने केही पनि छैन। त्यत्तिकै कुरा बढ्दै गयो बस् । त्यसैले त्यो जुन बोल्ने कुरा छ, त्यो ज्यादै खतरनाक छ । त्यसोहुँदा कमभन्दा कम बोल्नुपर्छ अर्थात् काम चलाउनका लागि जति बोल्नैपर्ने हुन्छ, त्योभन्दा बढी न त बोल्नु उचित हुन्छ, न त सुन्नु नै उचित छ। यस दुवै कुरामा सधैं ध्यान दिन अति आवश्यक छ।

# मान मन ! छाँडु मान अपमान ।

एउटा पद छ मदिरामा - 'मान मन ! छाँडु मान अपमान' एक जना महानुभावले एउटा पत्र पठाउनु भएको छ कि यस पदको भावार्थ जान्न चाहनुहुन्छ । यो कुनै वेद मन्त्र होइन, तर साधनाको लागि अत्यन्त महत्त्वपूर्ण छ ।

हाम्रो साधनामा बाधा पार्ने चीजहरु दुई वटा छन् - एउटा मान, अर्को अपमान । यदि दुवै माथि हामी विचार गरेर कन्ट्रोल गऱ्यौ भने साधनाको स्पिड एकदमै छिटो हुन्छ ।



मानको अर्थ के हो ? आफ्नो भित्रको अहङ्कार । हामी मान चाहन्छौं, अरुले प्रशंसा गरुन् । जब प्रशंसा गर्दछ कसैले, तब बडो खुशी लाग्छ । हजुर त बडो दानी हुनुहुन्छ । अब यसको जवाफ दिन्छ - होइन, म त कहाँ यस लायक छु र । तर भित्रबाट यो फिलिङ छ, बडो असल मानिस रहेछ, मेरो प्रशंसा गरिरहेको छ । भित्रबाट फीलिङ उल्टो छ र बाहिरबाट भन्छ हे, हे, म यस लायक कहाँ छु र । जब अपमान हुन्छ, कसैले नराम्रो कुरा भन्छन् तब हामी आफ्नो नर्मलीटी (सामान्य अवस्था) गुमाउँछौ । किन ? क्रोध आउँछ । फिलिङ हुन्छ, आगो लागी हाल्छ भित्र । किन ? कहिल्यै एकान्तमा विचार गर, यस्तो कुन किसिमको दोष छैन तिमी भित्र । कुनै नाम बताउ त, अमुक दोष म भित्र छैन - काम, क्रोध, लोभ, मोह, ईर्ष्या, द्वेष, झूठो, चार सय बिस, कुरा बनाउनु, धोखा दिनु आफ्नो स्वार्थ सिद्धिको लागि । त्यो चाहे अँगूठा छाप (अनपढ) होस् चाहे आई. ए. यस. होस्, सबैले गर्दछन् । किन ? यसको कारण छ । हामी मायाको अधीनमा छौं, नम्बर दुई हामीमा स्पिरिचुअल हैप्पिनेस (अध्यात्मिक खुशी) को भोक छ । यी दुई कारणहरु छन् । मायाधीन हुनाले अज्ञानी छौं, आफुलाई शरीर मान्छौं र आनन्दको भोक त नेचुरल (स्वाभाविक) हो । यसकारण त्यो पाउनका लागि सबै कुरा गर्न सक्छौं। सबै कुरा । झुठो बोल्छौं, कुरा बनाउछौं, चारसय बिस गर्छौं । आफ्नो आमा सँग, बुवा सँग, दाजु-भाई सँग, आफ्नो पत्नीसँग । सबैले गर्दछन्, सेन्ट पर्सेन्ट । हेर गुरुसँग पनि गर्छन्, अरुको त कुरै छोड । जो सँग यति ठूलो स्वार्थ गाँसिएको छ, उसलाई पनि छाड्दैनन् । एउटा वाक्य बोल्दछ गुरु , तिमी यस्तो किन गर्छौ ? कुरो यस्तो छ कि महाराजजी, म चाहन्छु यस्तो छ, उस्तो छ , त्यो .. । अरे के बोल्दैछौ तिमीले ? म यो बोलीरहेको छु कि हजुरले गल्ती बोलीराख्नु भएको छ। मैले कुनै गलत काम गरेको छैन । ओहो ! यो सेन्ट परसेन्ट काम तपाईहरुले गरी राख्नु भएको छ । एउटा पनि यस्तो व्यक्ति छैन जो मैले बोलिरहेको छु यसको उल्टो गर्दा हो । किन ? अहङ्कार छ ।

मलाई कसैले नराम्रो न भनोस यो हामीले सारा जीवन भरी सोच्यौं। आफुलाई राम्रो भनाउन प्रयास गऱ्यौ, प्राक्टिस (अभ्यास) गऱ्यौ नलेज (ज्ञान) सङ्कलन गऱ्यौ । के बोलुँ कि यो बेवकुफ बनिहालोस्, के बोलुँ कि यस माथि इम्प्रेसन (प्रभाव) परोस् र आफ्नो मतलब हल भईहालोस् । यही त हामीले गऱ्यौ, राम्रो बन्ने प्रयत्न गरेनौं, राम्रो भनाउन प्रयत्न गऱ्यौं । जबर्जस्ती राम्रो भनाउन लगायौं । राम्रो भनाउँदैमा के पो भई हाल्छ ।

हेर्नुस, हामी त जनताको सेवक हौं । जनताको सेवक हौं एम. एल. ए. छन्, एम. पि. छन्, मिनिस्टर छन् । जनताका सेवक हुन् या खल्तीको सेवक हुन् । प्राक्टिकल (अभ्यास) मा हेर्नुस । यति ठूलो त्याग एक करोड खर्च गरे, जित्न का लागि । यही चार सय बिस हो । अब जब काम बन्छ, जितिसके पछि एक करोडलाई दुई करोड कसरी बनाउने यही त गर्दछन् । यस्ताले जनताको सेवा गर्छन ? हामी परोपकार गर्दछौं, परोपकार । अरे आफ्नो उपकार छाडेर अरुको उपकारको कुरा त इन्द्रले पनि सोच्दैनन् , तिमीले के सोच्लाउ ? सबै आफ्नो आफ्नो सुख चाहन्छन् । त्यस सुख पाउनका लागि जायज-नाजायज, गलत-सही, सबै कुरा गर्छन् ।

यो मानको बडो भयङ्कर बिमारी छ । यसै प्रकार अपमान् ! कसैले मेरो बिरुद्ध बोल्यो, बस क्रोध र क्रोधले बुद्धि समाप्त । अपमान पनि हाम्रोलागि बाधक हुन पुग्यो किनभने त्यो त हुँदै रहन्छ संसारमा । हामी कसरी बच्न सक्छौं र ? हेर्नोस धेरै यस्ता मानिसहरु छन् जसले सिद्ध महापुरुषलाई समेत छाड्दैनन्, उनीहरुको त अझ बढी पछि पर्छन् । यो के गर्छन्, दिनभरी 'हरे राम हरे राम' भनी रहन्छन् । केही यस्तो गर्नु पऱ्यो कि यसको बिरुद्ध प्रोपगण्डा कि यसको पसल नै बन्द भई हालोस् । आऊ, सबै जना बस, प्लान बनाऊ, यसलाई कतै फँसाई देऊ, कुनै मुद्दा-मामिलामा, बदनाम गर यसलाई । हेर्नोस इतिहास साक्षी छ प्रह्लादको जमानादेखि मीरा बाईको जमानासम्म । हामीहरुले सन्तहरुको बिरुद्ध के के गरेनौ, तर उनीहरु मान अपमानभन्दा पर थिए । उनीहरुलाई फिलिङ भएन, हाम्रो हानी भयो । हामी बरबाद भई हाल्यौं, मानव देह छिनियो किनभने नामापराध भयो हामी बाट ।

एउटा सही कुरा पनि गरिदेओस् महापुरुषले त हामी सहन सक्तैनौं । अरे बडो सीधा कुरा छ कि जब हामी मायाको अधीनमा छौं , सबै दोषहरु त रहन्छन् । तिमी टाउको फोडेर मर्दा पनि यी जान सक्तैनन । यी जहाँबाट सुरु हुन्छन् त्यसको नाम हो मन । मन हो संसारी सुख मान्ने वाला । संसारी विषय प्राप्त गरेर सुख पाउँदैन, अनि क्रोध आउँछ । यो दिनरात के भई रहेको छ तपाईको घरमा - बुवासँग पनि दुःखी, आमा सँग पनि दुःखी, छोरासँग पनि दुःखी, पत्नीसँग पनि दुःखी, कतै चैन छैन । यस्ता बाउ पाइयो, यस्तो आमा पाइयो , यस्तो पत्नी पाईयो, र तिमी कस्तो छौ ? आफ्नो लागि पनि त सोच, तिमी आफु कस्तो छौ ? मेरो त कसैले सुन्दै सुन्दैनन्, मेरो सुखको कसैलाई मतलब नै छैन । तिमीलाई कसको मतलब छ र ? अरे आफ्नो मनमा हेर त कल्याण हुनेछ । अरु तिर हेरेर त तिम्रो झन् सर्वनाश भइरहेको छ । ऊ खराब छ, ऊ नराम्रो छ, ऊ खराब छ आदि । उ खराब छ, यो सोच्नु भन्दा अगाडि अहङ्कार आयो । यदि तिमीले वास्तविकता सोच्यौ भने म खराब छु, यो पनि खराब रहेछ , ठिक छ कुनै नकटो ले अर्कोलाई नकटो भन्न सक्तैन किनभने ऊ आफै नकटो छ । उसले कसरी भन्छ ? यो त नाकवालाले पो भन्छ नकटो लाई नकटो । यदि हामीले आफुलाई ठिक ठिक मानी लिउँ । जो काम क्रोध भन्दा पर छन्, ती सन्तले लेखेर दिएका छन् -

**मो सम कौन कुटिल खल कामी ।**

लेखेर दिएका छन्, पुस्तकमा, सदा पढ्नु सबैजनाले । र जो साँच्चिकै छन् उनीहरु एक शब्द पनि सुन्न तयार छैनन् । कुटिल ! मलाई कुटिल भन्यो, त्यो छिमेकीले ।
त यो मानको इच्छा र त्यसको कारण अपमानको फिलिङ्ग । यी दुई दुश्मन हाम्रो पछि लागिपरेका छन् । यसकारण हामी भगवान् लाई पनि भगवान् मान्दैनौं, सन्तलाई पनि सन्त मान्दैनौं, अपराध गरिरहेका हुन्छौं । आमा बुवा स्त्री पति छोरा आदिमा त गरिरहेकै हुन्छौं । उसले अपमान गरिदियो, उसले एक वाक्य भन्यो पत्नीलाई र मेरो पतिले मलाई भनी दियो चरित्रहीन , यस्तो । म ... । अरे के भइ रहेको छ , पागल सरी भइ हाल्छन् । आज तिमीलाई थाहा छैन एप्रिलको पहिलो तारिख हो । अरे हो त , म त बडो फिल गरी रहेको थिएँ, मजाक गरेका रहेछन् मेरा पतिले । यदि एप्रिलको दोश्रो दिन भएको भए ? अनि हेर्नु, के के काण्ड हुन्छ । अब यो बताऊ कि कति स्त्रीहरु छन् जो चरित्रहिन छैनन् । चरित्रहीन को मतलब के हुन्छ ? पतिव्रताको मतलब के हुन्छ ?

एक जना पतिव्रता स्त्री थिइन् । उनी धान कुटी रहेकी थिइन्, उनको पतिले भन्यो - सुन, मलाई पानी ख्वाउ त ! त्यसबेला मुसल माथि गएको थियो, यो सुन्नेबितिक्कै उनले मुसल छाडिदिइन् । त्यो मुसल त्यतिकै अडी रह्यो, भुइँमा खसेन । उनी गइन्, पानी ख्वाइन, पति आफ्नो काममा अन्यत्र गयो । एक जना छिमेकीले हेरि रहेकी थिइन्, उनले भनिन, बहिनी ! यो जादू तिमीले कहाँबाट सिक्यौ ? उनको जवाफ थियो - कतैबाट सिकेको होइन, यो त म पतिव्रत धर्म पालन गरिरहेको छु यसकारण मुसल त्यतिकै अड्यो, खसेन । अनि उनले भनिन् म पनि त पतिव्रता छु । म शरीरले अरु कसैसँग सम्पर्क गरेको छैन अहिले सम्म । ठिक छ । उनी घर गइन र पतिलाई भनिन - हेर, म मुसल माथि उठाउँछु अनि तिमी भन्नु, पानी ल्याऊ । उसले सोध्यो - किन, के कुरो हो ? उनले जावाफ दिइन - मैले जे भनि रहेको छु, त्यही गर । मुसल त्यतिकै झुन्डिरहन्छ, माथि । उसले भन्यो - ओहो , यो त बडो ठूलो विद्या सिकिछ आज यसले, खुब रुपियाँ कमाउनेछौं हामीले । अनि ऊ अब केही टाढा गएर फर्क्यो । उसले भन्यो- पानी ल्याउ त । अनि उसकी पत्नीले मुसल छाडिदिईन, त्यो उसको नाकको छेउबाट भुइँमा खस्यो । अब पतिले भन्यो, यही पतिव्रता हो तिम्रो ।

ऊ गई छिमेकी कहाँ र झगडा गर्न थाली कि तैंले त मेरो सर्वनाश गरिस् । छिमेकीले जवाफ दिइन् - हेर बहिनी, पतिव्रताको अर्थ हो पतिको विरुद्ध कहिल्यै मनले पनि न सोच्नु, त्यो पतिव्रता हो । मनले पनि न सोच्नु कि मेरो पति खराब छ । जसले दिनमा दस पटक झगडा गर्छ, उसले आफुलाई पतिव्रता मान्ने र ऊ पनि अनसुया बन्न खोज्ने । यी गुरुव्रत, मातृव्रत, भगवतव्रत, सबैको

एउटै अर्थ हो - मनले उसको विरुद्ध न सोच्ने। यतिकै मजाक होइन । यी पतिव्रता स्त्रीहरुले ठुला ठुला काम गरेका छन् इतिहासमा, त्यो सबैले गर्न सक्छन्। हामीभित्र मायाको कारणले सबै दोषहरु छन्। तिनलाई मान्यौ भने दीनता रहन्छ, र फिलिङ्ग कम हुँदै जान्छ। कसैले भन्यो - तिमी लोभी छौ। ठिक भनि रहेका छौ, म लोभी नै छु यसमा कुनै शङ्का छ र ? तिमी अलि मतलबी छौ, एकदम ठिक भनी रहेका छौ , मतलबी त म छँदै छु। आफ्नो मतलबका लागि दिनरात लागिरहेको छु, कतै आनन्द पाइन्छ कि भनेर।

यसर्थ मान - अपमान, यी दुई दुश्मन हुन। यिनलाई हराउनु छ। यसकारण महाप्रभु जी ले पहिलो आदेश दिनु भयो -

**तृणादपि सुनीचेन तरोरपि सहिष्णुना।**
**अमानिना मानदेन कीर्तनीयः सदा हरिः॥**
**(शिक्षाष्टक -१)**

यो शिक्षाष्टकको पहिलो श्लोक हो - तृण भन्दा पनि बढी दीन बन, यो तृण को अर्थ हो घाँस। घाँसको माथि हामी गोडा राख्छौं, दूबोकोमाथि, त्यो झुक्छ। रुखलाई तिमी ढुङ्गा हान्छौ त्यसले फल दिन्छ। त्यसले तपाइसँग बदला लिँदैन। अरे, फिल पनि गर्दैन। उसले भन्छ, मसँग दिनका लागि फल नै छन्, हानेर लेऊ चाहे टिपेर लेऊ, म दिन्छु।

**सबहिं मानप्रद आपु अमानी।**

सबैलाई मान देऊ। भित्रबाट, एक्टिङमा होइन। हामी कति झुठो बोल्दछौं सँधै। एक अर्कालाई के भन्छौं - सरी ! सरी ! यो सरी बोल्दा के हामी फिलिङ्ग गर्छौं कि मैले गल्ती गरेँ। हो इन, यो त एक्टिङ मात्र हो। हरेक सँग सरी, थैंक यु, आई लभ यू। सबै झूठो, सरासर झूठो। सामान्य झूठो होइन। आफ्नो मतलबका लागि। महापुरुष र भगवान् भन्नु हुन्छ, यो एक्टिङ (बनावटी) बन्द गर, फैक्टमा (वास्तविकता) आऊ र सरी भन्नु अघि यो फिलिङ गर, मैले गल्ती गरेँ, अब दोश्रोपटक गर्ने छैन। यदि यो फिलिङ्ग छैन भने सरी भन्दै जाऊ र अपराध गर्दै जाऊ। कहिल्यै सुधार हुनेछैन, यसैकारणले पनि भइरहेको छैन। कराउँदा कराउँदा थाके सन्तहरु, शास्त्र वेद। सबै सुन्दछन्, सबै डकारी हाल्दछन। प्राक्टिकल गर्दैनन्। किनभने अभ्यास गर्नु पर्छ र अभ्यास गर्नकालागि केही परिश्रम गर्नु पर्छ किनभने मनको बिरुद्ध गर्नु पर्ने हुन्छ। अहिले सम्म त हामी मनको मित्र थियौं, त्यसलाई साथी मान्यौं। अब गुरुले बताउनु भयो त्यही त तिम्रो असली दुश्मन हो। अब हामी त्यसको बिरुद्ध सोच्नेछौं, त्यसले भनेको मान्ने छैनौं। स्वामी रामतीर्थको स्याउमा एकदमै आसक्ति थियो। उहाँले भन्नु भयो ठिक छ मनीराम, स्याउलाई अगाडी राखे र हेरि राखे, एक दिन, दुई दिन, चार दिन। त्यो स्याउ कुहियो र उनले त्यो हेरि रहे। म खानेवाला छैन, बाबु ! यो मनको कुरा सुन्ने नै छैन।

रामकृष्ण परमहंस, यति ठुला सन्त, उनको पैसामा आसक्ति। अनी एउटा हातमा माटो लिन्थे, अर्को हातमा पैसा र एक अर्को हातमा टाका - माटी, टाका - माटी, टाका - माटी भन्ने गर्थे। एकजना डायोजिनीस, यूनानका फकिर थिए। उनी मूर्तिसँग भिक्षा माग्थे। म भोको छु, दुई रोटी मलाई देऊ। अन्य व्यक्तिहरुले भने, यति ठुलो ज्ञानी फकिर, पागल भएछन् बिचरा ! सुन त, पागल भएछन्, मूर्तिसँग भिख, रोटी मागिरहेका छन्। एकजनाले भन्यो - पागल कसरी हुन सक्छ, यति ठूलो फकिर, जाऊँ सोधौं। सोधेछन्- होईन हजुर, आजकाल मूर्तिसँग भिख माँगीरहनु भएको छ। उनले जवाफ दिए - हो, यसकारण माग्छु कि यसले त दिँदैन र मलाई क्रोध न आओस्। जसलेगर्दा यदि म तपाईंहरु कहाँ माग्न गएको बेला तपाईँहरुले मलाई रोटी दिनुभएन भने, चार पाँच घरसम्म पनि, मलाई फिलिङ्ग न होस् हेर त, यति धेरै सम्पति राखेको छ, मलाई दुई रोटी समेत दिँदैन। यो फिलिङ्ग न होस् भित्र। यी जति भिखारी भारत मा वा विश्वमै छन्, उनीहरु के गर्छन्। जब माग्दछन्, र कसैले दिँदैन भने भित्र भित्र गाली गर्छन्। कारमा बसेको छ, दस पैसा पनि दिन सक्तैन। मुखले बोल्दैनन्, कतिले त बोली पनि हाल्छन।

मान-अपमान यी दुवै विषयहरुका बारेमा गम्भीर ज्ञान प्राप्त पनि गर्नु छ र त्यसपछि प्राक्टिस (अभ्यास) पनि गर्नु छ। खाली ज्ञान मात्रले काम बन्दैन। प्राक्टिस ! हो यसले आज मेरो आलोचना गऱ्यो जवाफ नदेऊ। पहिले यसको अभ्यास गर। पत्नीले यसो भनिन् चुप। पतिले यस्तो गरि हप्काए, चुप। अहिले त हामी हरुको बानी भएको छ। यो पुस्तक तकियामा किन राखेको हो, भगवान्को पुस्तक हो। पत्नीले जवाफ दिन्छिन् , अनि के गरुँ टाउकोमा राखूँ त। यो भाषा छ आजको संसारमा। फेरी पति ले गर्जेर भन्यो, फेरि पत्नी पनि गर्जिईन र गर्जिदा गर्जिदा अन्तमा कहाँ पुगे, बोलचाल बन्द। पप्पु, आफ्नी मम्मीलाई भनि दे। मम्मी त्यहीं बसेकी छिन र पप्पुलाई बोलाउँदै छ। बोलचाल बन्द छ, यसकारण। फिल गरेर आफुलाई सुधार गर। हेर कल्याण हामी ले गर्नुछ, भगवान्को कृपा हामीलाई प्राप्त गर्नु छ। शरणागति हामीलाई गर्नु छ। संसारमा तिमीले चार सय बिस गरेर सफल हुन सक्छौ तर मनमा शान्ति त पाउन सक्दैनौं। जसरी एउटा भिखारी भन्छ, बस दुईवटा रोटी पाए हुन्थ्यो , अरु केही चाहिँदैन। दुईवटा रोटी प्राप्त भयो, तरकारी र दाल पनि भए हुन्थ्यो कि, त्यो पनि पाइयो, हलुवा र पुरी पाए हुन्थ्यो कि, ल हेर बढ्दै बढ्दै त्यो बिल गेट्स भयो तर पनि भन्दैछ, स्वर्गवाला सुख पाए हुन्थ्यो।

यहाँ त कुनै आफ्नो काम बन्नेवाला छैन, पहिले नै यो डिसिजन (निर्णय) लिई हाल । मान-अपमान लाई छाडेर, दीन बनेर जब आफुलाई खडा गर्‍यौ भने तब तिम्रो आँशू आफै झर्न थाल्छ । मैले यदि एक जन्ममा एउटा पाप गरेको भए अनन्त जन्म बिति सक्यो पहिले, अनन्त पाप गरिसके छु । हामीले वर्तमानमा के सोचेका छौँ ? हामीले त कसैको हत्या गरेका छैनौँ । हो त्यतिकै झूठा कुराहरु गरेको होला, यस्तै साधारण पाप गरेका थियौँ होला । हेर, अनन्त हत्या गरेका छौ, अनन्त जन्ममा । ती सबै तिमीलाई थाहा छैन । ती कुराहरु भगवान्‌को फाईलमा लेखिएका छन् , त्यसलाई मान । त्यसैलाई मानेर त ठुला ठुला सन्तहरुले भन्ने गरेका छन् -

**मो सम कौन कुटिल खल कामी ।**

महाराज ! अनन्त जन्ममा अनन्त पाप गरेका छौं । यदि हजुरले क्षमा गर्नु भएन भने भगवत्प्राप्ति गरे तापनि हामीले अनन्तकाल सम्म फल भोग्दैरहनु पर्छ र अन्त हुँदैन । यो त भगवान्‌को कृपा हो कि -

**क्षीयन्ते चास्य कर्माणि । (मुण्डको. २-२-८)**

भगवान्‌ले सबै पुराना पाप (पछिल्लो) क्षमा गरिदिनु हुन्छ । नयाँ (अघिल्लो) को पनि ठेक्का लिनु हुन्छ, खाली तिमी शरणागति भई देऊ । छल कपट बनावट यी सबै बन्द गर । यसको अभ्यास गर्नु पर्छ । यी दुश्मनलाई मनको दुश्मन मान्नु पर्छ । हामीले अहिले सम्म के गर्‍यौ । मनले भन्छ पल्ट, हामी पल्टियौँ, मनले भन्छ सुत, हामी सुत्यौँ । घन्टी बज्यो भने महाराजजीले बोलाउन सक्नु हुन्छ । अनि, भनिदिन्छु, कमर दुःखेको थियो, टाउको पनि दुःखे को थियो, झूठो बोलिदिन्छु । तर मनको गुलाम बन्यौ । यति ठुलो पाप गर्न पुग्यौ, खाली मन अनुसार गर्नको कारण ले । यदि त्यही निर हामीले मनलाई हप्काएको भए, अरे , संसार छोडेर यहाँ आएको छस् साधना गर्नका लागि । म तैंले भनेको मानेर सुतुँ ? सम्पूर्ण जीवन यही त गरैं मैले, मनोमानी । मनोमानी खानु, मनो मानी सुत्नु, मनोमानी बोल्नु, मनोमानी पाप गर्नु, जे मनले भनी रहेको छ, त्यही त गर्दै आए । त्यसले मलाई सुख प्राप्त भयो ।

यो मनको सुख आत्माको विरोधी हो । मन त मायाको पुत्र हो, आत्मा भगवान्‌को पुत्र हो । दुवैको विरोध छ । हामी यो बिर्सिहाल्छौं । ऋषभ, भगवान्‌को अवतार । उनको अगाडि सिद्धिहरु आए अणिमा, लघिमा र गरिमा । उनले भने, तपाइँहरु को हुनहुन्छ ? कताबाट पाल्नुभयो ? महाराज ! हामी सबै सिद्धिहरु हौं । हजुरको सेवाका लागि आएका छौं । उनले भने टाढा, टाढा, टाढा जाऊ । यिनले के सेवा गर्छिन ?

**न कुर्यात्कर्हिचित्सख्यं मनसि ह्यनवस्थिते ।**
**(भाग. ५-६-३)**


हे मनुष्यहरु हो ! भुलेर पनि मनको कुरा न मान । एक सौभरी मुनी थिए, घोर तपस्वी । जमुनामा डुबेर , पानी भित्र , साधना गर्दथे । एक दिन पानी भित्र मत्स्यराजलाई विषय-भोग गरेको देखे, पानी भित्र । मनको गुलाम हुन पुगे । अनि गए उनी राजा मान्धाता कहाँ । उनी राजा थिए, पचास जना छोरीहरु थिए उनकी । उनले भने एउटा छोरी मलाई देऊ, विवाह गर्छु । राजाले भने यो बुढा बाबा, यस्तालाई आफ्नो छोरी दिए भने म नर्क पुग्नेछु । यो एक पिताको कर्तव्य होईन, न दिऊँ भने यी मुनिले श्राप दिनेछन् । अनि मेरी यी पचास जना छोरी कतै गधी त हुने होइनन् । विश्वामित्रले मेनकालाई चट्टान बनाइदिएका थिए । अहिल्यालाई पनि ढुंगा बन्नु परेको थियो । श्रापले यी ठुला ठुला तपस्वीले जे पनि गर्न सक्छन् । अनि राजाले भने, महाराज ! हामी स्वयंवर गरीदिने छौं, हजुर लाई जुन छोरीले मन पराउँछिन् । राजाले सोचे, कसैले मन पराउने छैनन्, छुटकारा पाइने छ । सौभरी मुनीले कुरो बुझिहाले । उनले जवाफ दिए ठिक छ । उनले योगबलले आफ्नो शरीर परिवर्तन गरेर सोर्ह वर्षको युवक बने । यति सुन्दर कि पचास जनै कन्याहरुले सौभरी मुनिसँग विवाह गर्न मन्जुर गरे । म यिनीसँग विवाह गर्छु भनी आपसमै झगडा गर्न थाले । मान्धाताले भने यो नयाँ समस्या आइपर्‍यो । सौभरीले भने ठिक छ म सबै सँग विवाह गर्नेछु । उनले पचासवटा शरीर बनाए र विवाह गरे । फेरि ती पचासबाट पाँच हजार भए । नाति नातिना भए, एउटा ठुलो बस्ती नै बन्न पुग्यो उनको परिवर । त्यस पछि एक दिन उनी जमुनाको किनारमा बसेर सोच्न थाले , त्यही स्थानमा जहाँ उनी कुसंगमा फँसेका थिए । म कहाँ थिए, र काहाँ आइपुगें ।

**अहो इमं पश्यत मे विनाशम् । (भाग. ९-६-५०)**

हे मनुष्य हो ! मेरो सर्वनाश हेर । मनको गुलाम हुँदा के हुँदो रहेछ ? तिमीहरु सावधान भईहाल । यो मनलाई दुश्मन मान, यो सँग मित्रता नगर । यसकारण मान-अपमान यी दुवैको सिद्धान्तलाई बुझेर प्राक्टिकल लाइफमा (व्यावहारिक जीवनमा) अभ्यास गर्नु पर्छ ।

जगद्‌गुरु श्री कृपालु जी महाराज
(साभार : “आत्मनिरिक्षण” पुस्तकबाट)

# जगद्गुरूत्तम सन्देश



श्रीराधाकृष्ण नै तिम्रा सर्वस्व हुनुहुन्छ । उहाँलाई एकदमै आफ्नो मान । उहाँ परात्पर सर्वशक्तिमान् भगवान् हुनुहुन्छ भन्ने जस्ता कुनै कुरा नसोच । उहाँ त सधैँ नै तिम्रा लागि दुवै हात फैलाएर उभिइरहनुभएको छ । एकपटक तिमी सम्पूर्ण संसारिक विषयवस्तुहरूबाट मुख मोडेर उहाँलाई नियाल । बस्, त्यसपछि उहाँ तिम्रो र तिमी उहाँको हुनेछौ । उहाँ अकारण-करुण हुनुहुन्छ, कुनै पनि साधनको अपेक्षा राख्नुहुन्न । अकारण कृपा गर्नु नै उहाँको स्वभाव हो । तिमी विश्वास गर, काम बनिहाल्छ । तिमी आफूलाई सधैँकालागि उहाँको जिम्मा लगाइदेऊ, उहाँले सब ठिक गरिदिनुहुनेछ । हेर ! उहाँले ठुला-ठुला पापीहरूलाई त हृदयमा लगाउनुभएको छ भने तिमी फेरि किन अविश्वास र संकोच गर्छौ ? एकपटक यसो गरेर त हेर ।

–तिम्रो कृपालु



English Section

## "Words of Wisdom : Q & A between Shree Maharaj ji and devotees"

**Devotee: Maharaj Ji, can God realization be attained by practicing devotion to the Guru?**

**Maharaj Ji:** Yes; you can attain God by practicing devotion to Guru alone. However, it is better to keep both God and Guru in your devotion. It's very difficult to have strong faith in the Guru all the time. Your faith is likely to waver because the Guru is in front of your eyes. As for God, He is not visible to you. When He is visible, we find faults with Him also. If you keep both God and Guru with you, your mind will be attracted easily to the childhood pastimes of Shri Krishna as well as to His other leelas.

**Devotee: While serving the Ashram financially, my thoughts go to the Ashram only. I am not able to do Roopdhyan on God. Is this wrong?**

**Maharaj Ji:** Thoughts about the Guru's Ashram are part of your Sadhana because they will help you reach your ultimate goal in life. Seva (devotional service) is Sadhana, and Seva is perfection of that devotion also. Rendering service purifies the heart; so, it is your Sadhana. After purification of the heart, you will be serving Shri Krishna in Golok, which is Siddhi (perfect devotion).

**Devotee: Maharaj Ji, can it be said about anyone that he will surely receive a human body in his next life?**

**Maharaj Ji:** The individual who spends more than half his time meditating on God is sure to receive the human birth next time around.

**Devotee: Maharaj Ji, will your devotees surely receive the human form next time?**


**Maharaj Ji:** In the entire India only my satsangis try to do Roopdhyan. From time to time, they shed tears also. They make an attempt to surrender the mind. This makes people think that my satsangis will surely receive the human body once again. And if any of them becomes fully surrendered, he will not only get the human birth, but he will go straight to Golok.

**Devotee: Maharaj Ji, when an aspiring devotee dies, which Guru will he get in his next life?**

**Maharaj Ji:** His previous Guru will return to guide him towards God, or he may arrange another Guru to show him the path.

*Source: Radha Madhav Society, Duluth.*





## तपाईको जिज्ञासा,
## स्वामी श्रीहरिदासजीको समाधान

भाग – १२९

**स्वामीज्यू मलाई भगवत्प्राप्ति गर्नु अगाडि मानिस कुन अवस्थामा हुन्छ भनेर स्वामीज्यूसँग यो प्रश्न गर्न मन लागेको छ । कुन अवस्थामा मानिस छ छ, छ छैन, छैन छ,, छैन छैन, अवस्थामा रहन्छ ? प्रस्ट पारिदिनुहुन अनुरोध गर्दछु ।**

भगवत्प्राप्ति अगाडि कुन अवस्थामा थियौ ? अरे चौरासी लाख प्रकारको योनिमा थियौ । संसारमा ४ प्रकारका व्यक्ति हुन्छन् । त यसको जवाफ यो हो प्राचीन कालमा एक दरबारमा यो प्रश्न आयो । राजाले सोधे कि यो प्रश्नको जवाफ के हो त ? एक विद्वान् मन्त्रीले म जवाफ दिन्छु भने । जवाफ दिनलाई ४ प्रकारका प्रेक्टिकल चिज पनि लिएर आए, जसमध्ये एक थिए व्यापारी, एक थिए बजारकी महिला, एक दरिद्र व्यक्ति, एक महात्मा । यी चार व्यक्तिलाई लिएर दरबारमा आए राजाको अगाडि प्रश्नको जवाफ दिँदै भने यो व्यापारी यसले संसारमा कमाई धमाई गरेको छ । यहाँ पनि भरपुर छ र वहाँको लागि पनि दान धर्म गरेको छ आदि । यहाँको अवस्था पनि ठिकठाक छ, मरेपछि वहाँलाई पनि ठिकठाक गरेको छ तसर्थ छ, छ । त बजार महिला जो छ यसको यहाँ सब ठिकठाक छ । ठुला ठुला महाराज पनि यसको पिछा गर्छन् । त यसको सब थोक छ, गाडी बंगला नोकर चाकर सब । त यहाँ त छ वहाँ छैनको उत्तर । अर्को महात्माजीको यहाँ केही छैन तर वहाँ छ, त्यसैले छैन छ र एक दरिद्र व्यक्ति जसको दाल रोटी खान छैन, अहिले खाए भरे के खाउँ भरे खाए भोलि के खाउँ भन्ने छ, वाहाँको लागि के गर्नु यहाँ पनि छैन वहाँ पनि छैन, यही हो छैन छैनको उत्तर । यही चार प्रकार को त सबै चाहन्छन् ।यहाँ पनि होस् वहाँ पनि होस् । त्यसैले त कर्मयोग हो संसारमा अनाशक्त भएर काम गर । जसरी एक नर्सले हस्पिटलमा ड्युटी गर्छे सब बिरामी हेर बिचार हामीले भन्दा राम्रो गर्छे तर आशक्ति रहित छे। ठिक भएपनि उसले हाँसी दिन्छे, भित्रबाट खुसी हुँदिन । मरिहाले पनि सरी भन्छे, भित्रबाट दुःखी हुँदिन । अनासक्त भएर गर्छे । यसै प्रकारले हामीलाई पनि परिवारमा ड्युटी गर्नुछ ।

# "साधक विचार एव अनुभूति भाग ०६"



जुन दिन तिमी सत्य शाश्वत कुरा बिना आनाकानी पत्याउँछौ , त्यही क्षण तिमी अपार आनन्दको महासागर मा आफुलाई पाउनेछौ । अहिले त तिमी सत्य कुरा पत्याउन्नौ, असत्यको पछि लागेका छौ । त्यसैले तिमी दुःखी छौ । सत्य कुरालाइ विश्वास गर । सुख खोज्न कतै जानु आउनु पर्दैन । सुख त तिमी भित्रै छ । परमात्मा तिमी सँगै छन् । सुन्न त, सुन्यौ ! परमात्माभन्दा अर्को सुख आनन्द केही छैन । तिम्रो खोज त्यही भगवान् हो । यो कुरा सत्य हो तर तिमी पत्याउन्नौ । म के गरुँ ? बत्तीमा तेल सिद्धियो त तिमी किन अत्तालिन्छौ ! त्यसलाइ निभ्न देऊ । तिमी टुलु टुलु हेर्नु बाहेक अरु केही गर्न सक्तैनौ । नछट्पटाउ सत्यभित्र छिर । ओहो ! अब के गर्ने ? किन ? के भो प्रकृति आफ्नो कर्म गर्दछ । तिमी किन त्यसमा आफुलाइ मिसाउँछौ । नमिसाउ । अलग होऊ । तिमी त सत्य आत्मा हौ, परमात्मासँगै छौ । व्यर्थको चिन्ता गर्छौ । तिम्रो चिन्ताले के कुन समस्या समाधान हुन्छ र ? कुनै पनि हुन्न । आखिर तिमी सत्य भित्र नपसी सुखी हुन सक्तैनौ । आत्मालाई परमात्माको सत्यताभित्र हराउन देऊ । आत्मा हौ । दिव्य हौ । चेतन हौ ।

हेर तिमीले त्यो परमात्मालाई जसरी शान्त देख्छौ, तिमी पनि त्यसैभित्र छिर । जे हुँदैछ हुन देऊ । तिमी को हौ त्यसको चिन्ता गर्ने ! तिमी न हिजो थियौ न भोलि रहनेछौ । जुन तिमी **म म म म** गर्छौ र यो माटोको पुतला शरीरलाई म म भनी रहेका छौ । यही हो असत्य । तिमी कर्म वासना, सुधार । अर्काको वस्तु माटोलाई म म नगर । बुझ सत्य कुरा । सत्यको पछि लाग । जसरी अन्धकार हट्न उज्यालो चाहिन्छ, त्यसरी नै तिमीले आफुलाई सत्यता भित्र, विवेक द्वारा, सत्य तथ्य द्वारा छिराऊ, दुःख निर्मुल हुनेछ । चित्त शान्त हुनेछ । सत्यको बोध हुनेछ । सत्यको शरणागत गर । तिमी आफू निर्णय गर्न सक्तैनौ, भगवान्मा तिम्रो विश्वास कमजोर छ । प्रत्यक्ष हुने साक्षात भगवद् भक्त महापुरुष को शरणमा जाऊ । विश्वास गर । सच्चा भक्तको पछि लाग तिम्रो दुःख कष्ट नाश हुनेछ । सत्य जान्ने छौ । यो जन्म वा कुनै जन्ममा सत्यको पहिचान गर्न नसकुन्जेल तिमी दुःखी सदादेखि छौ । नयाँ तत्त्व ज्ञान हुने बित्तिकै हे


मन तिमी बुद्धिमान भयौ । बुद्ध भयौ । रामकृष्ण भयौ । शिव शंकर भयौ । ब्रह्मा विष्णु महेश्वर भयौ । आफै आनन्दको नजिक पुग्यौ, त्यस पछि सच्चिदानन्द, आनन्द घन भगवान्को भक्ति गर्न थाल्यौ भने त तिमी शाश्वत सत्यको नजि क पुग्न थाल्यौ । ओहो ! त्यसपछि ब्रह्मसमान आफ्नो सद्गुरु र ईश्वरको कृपा दृष्टि तिमीमाथि भयो भने त तिमी हे मन, आफै सुन्दर शान्त विशाल सब भयौ । तर, दुःख यसैमा छ सदा तिमी भाँडो उल्टो पारी अमृत थापी रहेछौ । सदा अमृत खेर गई रहेछ, पोखिइ रहेछ । तिमी अतृप्त अशान्त प्यासा भै मरुभूमिमा दौडिरहेको मृगतृष्णा समान बुद्धिहीन र प्यासी भएर यो देहका बन्धु बान्धवलाई व्यर्थमा भ्रममा पारी मोहित गराई, तिमीहरु त मेरो आफ्नो हौ । मलाई हेर्नु पर्छ, माया गर्नु पर्छ भनी, भाँडो उभिण्डो पारी चिच्याई रहेकाछौ ।

हे मन ! यो संसार न तिम्रो हो न उसको हो न कसैको बाउ, हजुर बाउको हो । विचित्र छ । यो ईश्वरको खेलको गोटी हो । समय काल दाह्रा तिखारी रहन्छ । जहाँ पायो त्यहीं गाडि दिन्छ । तत्त्वज्ञान बुझ, जाऊ कुनै सत्य महापुरुषको चरणमा । सत्य तत्त्व ज्ञानको बोध गर । आफ्नो मनले दूधको दुध पानीको पानी छुट्टयाउ, अनि जाँच आफुलाई । म को हुँ ? म को रहेछु ? मेरो खास सम्बन्धी को रहेछ ? यो संसार कि ईश्वर ? संसार त तिमीलाई, भगवान्लाई जान्न ईश्वरले दिएको साधन हो । तर तिमीले यसैलाई मेरो मेरो भन्न थाल्यौ । अनि दुःख भो, आत्तियौ । डर उत्पन्न भो आदि । तत्त्वज्ञान बुझ, तिमी लाई बनाउने, माया गर्ने तिम्रो कर्मको फल दिने ईश्वर हो । अरु कोही होइन ।

अरुले, सबले त लिन जानेका छन,काहाँ दिन्छन ? कदाचित् केही कहिले काहीं दिए भने पनि स्वार्थ दिन्छन्, हे मन ! नश्वर वस्तु दिन्छन् । त्यसमा स्वार्थले दुर्गन्धित भएको हुन्छ । विचराहरु आफैं दुःखी छन् । तिमीलाई चाहिने तत्त्वज्ञान्, दिव्य आनन्द, प्रेम सुख, शान्ति, हरि र सद्गुरु महात्मा, महापुरुषले मात्र दिन सक्छन, सत्य मार्गको ज्ञान दिन सक्छन, हे मन, मान यो तत्त्व ज्ञानको निचोड । आफ्नो उद्धार आफैले गर्नु पर्छ । हे सज्जन ! ज्ञानको द्रष्टा शरणागतको माध्यमले आफैले परिश्रम गरी बोध गर्नु पर्छ ।

अरु कुनै उपाय छैन । तत्त्व ज्ञान घरमा अरुले पकाइदिने दालभात तरकारी अचार होइन । तिमी आफैले गुरु शरणागतिद्वारा मनमा निर्क्यौल गर्नुपर्छ । र त्यसलाइ व्यवहारमा जीवनभर उतार्नुपर्छ । अनि हरिगुरु कृपा बर्सिन्छ । यसको जडमा नअल्मलीउ फेरि खोज्न न थाल । भौंतारिइ रहने छौ । श्रद्धा विश्वासको साथ अनन्य भई निरन्तर भगवान्को भक्ति गर । जाल झेल रहित निष्कपट बन्ने कोसिस गर । गरी त हेर । मालामाल बन्ने छौ । तत्त्वज्ञान भनेको, सत्यलाई सत्यसित बुझ । तिम्रो बुद्धिको मिसावट आवश्यकता छैन । अर्थात पानी लाई पानीकै हिसाबले बुझ । पानीलाइ यो त गंगा हो भन्न थाल्यौ भने तिमीले बुद्धि लगायौ । पानी र गंगा एउटै होइन । कि हो ? यो ज्ञान तिमीलाई गुरुको शरणागति नगरी प्रष्ट हुने छैन । किनकि तिमीलाई पानी र गंगाको तत्त्वको, फरक ज्ञान छैन । पानीमा डुबुल्की मारेर न आत्मा शुद्धि हुन्छ, न तत्त्वज्ञान हुन्छ, ब्रह्म ज्ञान त असम्भव । हो, शरीरको बाहिरी मैल फोहर पखालिन्छ । यही हो तत्त्व ज्ञान । यसैलाई समात । सत्यको खोज गुरुको शरणागतद्वारा गर ।

जगद्गुरु श्री कृपालु जी महाराजको सदा जय ! ! !



# जगद्‌गुरुत्तम मन्दिरको
## पहिचान तथा उपादेयता



सनातन वैदिक धर्मको संरक्षण, भक्तितत्त्वको उजागर गर्न तथा वर्तमान तथा भविष्यका पुस्ताको कल्याणार्थ आवश्यक सांस्कृतिक एवम् ऐतिहासिक प्यागोडा शैलीको धरोहर हो **'जगद्‌गुरुत्तम मन्दिर'** । सुन्दर कलश आकारले विभुषित शिल्पकला, वास्तुकला आदिको अनुपम र उत्कृष्ट नमुना एवं पर्यटकीय आकर्षणको केन्द्र तथा थलोको रूपमा यस मन्दिरलाई नेपालको एकमात्र अध्यात्मिक चेतना सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने संस्थाको रूपमा, अध्यात्म केन्द्रको रुपमा *(Spiritual Research Centre)* विकास गर्नु पर्ने आवश्यकता देखिएको छ ।


विश्वमा रहेका सबै जाति, सबै सम्प्रदाय, सबै धर्मका अनुयायीलाई मान्य हुने र हाल नेपालमा बढ्दै फैलदै गरेको पापाचार, भ्रष्टाचार, दुराचार सम्बन्धी सही ज्ञानको चेतना अभिबृद्धि गर्न एवं विश्व वन्धुत्वको भावना विकास गरी विश्व शान्तिको मार्ग प्रशस्त गर्न यहाँबाट प्रवाहित हुने भक्तियोग तत्त्व दर्शन र क्रियात्मक साधनाद्वारा टेवा पुग्ने लक्ष्य राखिएको छ।

लोक उपकारी कार्य गर्न, प्रदेशस्तरमा मात्र सीमित नगरी राष्ट्रिय गौरव, सनातन वैदिक संस्कृतिको संरक्षण केन्द्र र धार्मिक पर्यटकीय पूर्वाधार निर्माणद्वारा पर्यटन समेतको गन्तव्य तय गर्न यो एक कोशेढुङ्गा सावित हुने सुनिश्चित देखिन्छ । ऋषि परम्परामा आधारित सनातन धर्मको जीवन महापुरुषद्वारा निसृत दिव्य वाणीद्वारा निर्देशित हुन्छन् । आध्यात्मिक मूल्य र मान्यताको पुर्नस्थापनाले जगत्को क्रान्तिकारी परिवर्तन गर्न, मङ्गलमय असल चरित्रको निर्माण एवम् मानवदेहको परम चरम लक्ष्य प्राप्तिका लागि मार्ग प्रशस्त गर्न उल्लेख्य भूमिका खेल्ने गरेको तथ्य इतिहासले स्थापित गरेको छ । अतः पारम्परिक प्राचीन दर्शनरुपी सम्पदाको संरक्षणले भविष्यको वैभव निर्माणलाई पूर्णता दिन सक्छ भन्नुमा कुनै अतिशयोक्ति नहोला र अहिलेको समाजमा यस्ता गतिविधिको आवश्यकता रहेको छ भन्ने तथ्यलाई सबैले चिन्तन मनन गर्न जरुरी देखिएको छ ।

यस समाज मात्र होइन सम्पूर्ण नगर क्षेत्रकै गौरव र ख्याति बढाउन, तीर्थ स्थानको साथ साथै पर्यटन स्थलको रूपमा विकास भई दैनिक हजारौ पर्यटक आउने, भक्तिमय वातावरणमा मनोरञ्जनका साथ वैदिक संस्कृतिको ज्ञान आर्जनमा टेवा पुगी सबैको चेतना आश्चर्य जनक रूपले प्रस्फुटन हुने र सामाजिक विकासको प्रगति पथमा लम्कने शुभअवसर यस मन्दिरबाट प्रवाह हुनेछ ।

सुखको पर्यायवाची शव्द आनन्द, आनन्दको पर्यायवाची शव्द भगवान्, भगवान्को पर्यावाची शव्द श्रीकृष्णाको प्राप्ति जुन विश्वका प्रत्येक व्यक्तिको चाहना हो । त्यो प्राप्ति हुने क्रियाकलापहरु जस्तो नवधा भक्ति, स्मार्ट साधना तथा व्यवहारिक एवम् क्रियात्मक साधना, अहिङ्सा एवम् दैवी गुणको विकास, अन्तःकरण एवम् मनको शुद्धिकरण, वास्तविक गुरु दर्शन गरी श्रीकृष्णा एवम् राधातत्त्वको सानिध्यता प्राप्तिसँगै देहधारी जीवको परम चरम लक्ष्य प्राप्तिको स्थल एवम् स्वरुप बन्नेछ, जगदगुरुत्तम मन्दिर, जुरेथुम हेटौंडा ।


इतिहासका मूल पाँच जगद्गुरुहरुमध्ये अद्वैतवादी आदि जगद्गुरु श्री शंकराचार्य, विशिष्टाद्वैतवादी जगद्गुरु श्रीरामानुजाचार्य,द्वैताद्वै तवादी जगद्गुरु श्री निम्वार्काचार्य



एवम् द्वैतवादी जगद्गुरु श्री माधवाचार्य र पञ्चम मूल जगद्गुरुत्तम् श्री कृपालु जी महाराजको समन्वयात्मक दार्शनिकताको पथ प्रदर्शनमा रही अध्यात्मवादी एवम् अन्य श्रद्धालुहरुका लागि अध्ययन तथा अनुसन्धानको केन्द्रको रूपमा रहिरहनेछ यो जगद्गुरुत्तम मन्दिर अध्यात्म केन्द्र । प्रेमरस सिद्धान्त सम्बन्धी अलौकिक विषय यस पवित्र स्थल, भक्तिको आधारशिला को रूपमा रहेको छ । श्री महाराजजीको दिव्य पुष्पकलश रहेको यस पवित्रतम धाममा गुरुकृपाको वर्षा सदैव बर्सिरहेको छ साथै गुरुवरको श्रीचरणको सङ्गमसहितको हरिगुरुको ध्यान गरी निष्काम प्रेम लुट्ने र श्रुतिसार ग्रहण गरी प्रेम रस पिई / पिलाई मानव उत्थानमा अतुलनीय योगदान पुऱ्याउने, भगवदीय गुण एवम् विशेषताले ओतप्रोत प्रवचन एवम् रसमय संकीर्तन प्रवाह गरिने दिव्याति दिव्य स्मारकको रुपमा रही रहनेछ यस दिव्य जगद्गुरुत्तम मन्दिर ।

**स्थानीय बासीको भनाइ तथा रहस्यमयी किंवदन्तीको सार्थकता :** पौराणिकताको दृष्टिले यो क्षेत्रको विशेष महत्त्व रहेको छ । किनकि पहिले पहिलेका मकवानपुरे राजा भगवान् श्रीकृष्णप्रति ठुलो आस्था राखी आराधना गर्ने भएकाले राज्यको संरक्षण भगवान् श्रीकृष्णबाट नै हुन्छ भन्ने दृढ विश्वास थियो उनीलाई । हेटौंडा उपत्यकामा त्यस समयमा तोरीको राम्रो उत्पादन हुने भएको तर तोरी फूलेको समयमा ती तोरीबारीमा रात्रिको समयमा कसैले खेल्ने गरेको र तोरीको फूलहरु झर्ने गरेको समस्याबाट अवगत थिए त्यहाँका राजा । जनताबाट धेरै गुनासो आउनथालेपछि राजा स्वयम् तोरीबारीमा राति राति आएर को खेल्दो रहेछ भनी चियो गर्न लुकेर बसे । मध्यरातमा कोही आएर तोरी बारीमा खेलिरहेको देखी पछाडिबाट गएर च्याप्प समाते, हेर्छन त स्वयम् श्रीकृष्ण भगवान् बालक स्वरूपमा लीला गरिरहेको पाए । भगवान्ले पनि भक्तको निश्चल प्रेम देखि समातिएरै राजा सँगसँगै दरबार आउनु भएछ र मकवानपुर गढीमा राजाले भगवान्लाई बाँधेर राखेको घटनाको साक्षी अहिले पनि भगवान् श्रीकृष्णलाई मकवानपुर गढीमा बाँधिएको झाँकी सहितको मन्दिरले चरितार्थ गरेको छ भनी स्थानीयहरु बताउँछन् ।

त्यस्तै महाभारत कालमा पाण्डवहरु वनवास गर्ने क्रममा जुरेथुमको जङ्गलतिर पनि बास बसेको सो बेला भीमले हेडम्ब भन्ने दैत्यले त्यहाँका स्थानीयहरुलाई दुःख दिने गरेको थाहा पाई सो दैत्यको सङ्हार गरी स्थानीयलाई सहयोग गरेका थिए र त्यस दैत्यको बहिनी हिडम्बा राक्षसीसँग बिहे गरेर घटोत्चक जन्मिएको प्रसङ्ग पनि उल्लेखित छ । हिडम्बाबाट नाम अपभ्रन्स भई कालान्तरमा यस क्षेत्रको नाम हेटौंडा रहन गएको किम्वदन्ती छ । यस क्षेत्रमा मन्दिर बन्नु पूर्व पनि भगवान् श्रीकृष्णका प्रिय मयुर त्यहाँ बस्ने र नृत्य गर्ने क्रियाकलाप पनि यहाँका वासिन्दाले देखेका थिए र हाल पनि मयुरको क्रिडास्थल आसपास रहेको प्रत्यक्ष देख्न सकिन्छ । यस प्रकार यस स्थान ऐतिहासिक र आध्यात्मिक घटनाको प्रत्यक्ष साक्षी रहेको अनुभूति गर्न सकिन्छ । जुरेथुम तल हटिया गाउँको वासिन्दाले राति रातिमा आरती भएको जस्तै गरी आगो घुमिरहेको पनि देखेको कुरा सो गाउँका स्थानीय तिमिल्सिना थर भएका मानिसले बताएका थिए । श्री जगद्गुरुत्तम मन्दिर को जग खन्दा र माटो परिक्षण गर्दा पनि यहाँ धेरै वर्ष अगाडि केही साम्राज्य भए झै भग्नावशेषका अङ्शहरु भेटिएको तथ्य फेला परेको छ ।



यो क्षेत्रमा चुरियामाइ पनि उत्पत्ति भएको भनी प्रतीक स्वरूप चुरियामाइको मन्दिर बनेको छ । यहाँका स्थानीय वासिन्दाले जुरेथुम डाडाको लेकमा नेपालकै सबैभन्दा ठुलो भगवान् श्रीकृष्णको विग्रहका साथ धार्मिक गन्तव्य बनाउने प्रयास अगाडि बढाएको पाइन्छ । यस स्थानको वनदेवी चुरिया माईको मन्दिर वरिपरि बली दिन निषेध गरिएको कुरा त्यहाँका पुजारी भन्दछन् । यस क्षेत्रको वरिपरि रहेको कालीलेक सामुदायिक वन यिनै पौराणिक एवम् आध्यात्मिक क्रियाकलापहरुको केन्द्र रहेको र यसको पूर्ण सार्थकता हेतु श्रीराधाकृष्ण भगवान्को आध्यात्मिक थिमहरु सहितको नेपाली ब्रजधाम बनाउने जुरेथुम पर्यटकीय क्षेत्रको गुरुयोजना तयार गरिएको छ र प्रदेश सरकारले विविध पूर्वाधार योजनाहरुको कार्य जुरेथुम पर्यटकीय विकास समिति मार्फत बन्ने क्रम अगाडि बढिसकेको छ ।

यस क्षेत्रको समष्टिगत विकासका लागि निम्न कुराहरु गर्नु पर्ने स्थानीय साधकहरुको सोच रहेको छ :

१. भौतिक विकास तथा अतिक्रमणले सुख सुविधा मात्र दियो आनन्द दिएन, धर्म संस्कृति र सत्यताको रक्षा एवम् शान्ति र आनन्द प्राप्ति हेतु आध्यात्मिक चिन्तनको थलो बनाइनु पर्ने ।

२. जड र चेतनको सन्तुलित मिलन, दयालु करुणामयी भावनाको सृजना, जीवन शैलीबाट तृप्ति र सन्तुष्टि हुने वातावरण सृजना गरी सुखी र हँसिलो पार्न एवम् जीवन्तता दिने क्रियाकलापहरु परिचालित हुनुपर्ने ।



३. शरीर र शरीरीको अस्तित्व बोध गरी दुवै सम्बन्ध प्रगाढ तुल्याउन विद्वान र ज्ञानी, ध्यानी व्यक्तित्वहरुको सानिध्यता एवम् साधनाको वातावरण विकास गर्नु पर्ने ।

४. लागु पदार्थ, नशा आदिको कुलतको विरोधी अभियान अगाडि बढाइ प्राकृतिक उपचार विधिलाई अवलम्वन गरिनु पर्ने ।

५.साहित्य, ललितकला, सङ्गीतकला, सांस्कृतिक कार्यक्रमको उत्पादन केन्द्र, साधनाको अभ्यास स्थल, साधुसन्तको नियमित सेवाको अवसर जुटाउनु पर्ने ।

६. अत्यन्तै गरिबहरुको, असहायहरुको र निराश्रितजनहरुको आधारभूत आवश्यक एवम् उपयोगी बन्दोबस्तीका सामग्रीहरुको व्यवस्थापन गरिनु पर्ने ।

७. आधुनिक सूचना प्रविधिमैत्री वातावरण, ई. लाईब्रेरी र जगद्गुरुश्रीका स्मृतग्रन्थ एवम् विनिर्गत ग्रन्थहरुको अभिलेख सङ्ग्रहित हुने वातावरण तयार गरिनु पर्ने ।

८. अध्यात्मिक प्रवचन एवं संकीर्तनका माध्यमद्वारा धर्म, संस्कृति, ज्ञान, ऋषि परम्परालाई निरन्तरता दिइ गौरवान्वित तुल्याउनु पर्ने ।

८. सबैमा श्रीकृष्ण सुखैकतात्पर्यमयी सेवा भावनाको विकास गरिनु पर्ने ।

९. भगवान् श्रीराधाकृष्णको माधुर्य भक्तिको प्रचार गर्ने, राधानामलाई विश्वव्यापी तुल्याउन सक्ने केन्द्र बनाइनु पर्ने ।

१०. सनातन वैदिक ज्ञान, एवम् भक्तियोग साधनाको आधुनिक युग अनुकुल प्रचार / प्रसार जस्ता तैयारी गरी आध्यामिक उत्थान गर्ने, दैवी गुण बढाउने, परोपकारी कार्य गर्ने । जन जनमा भगवत भावना विकास गरी अशान्ति, कलह, छटपटाहटबाट मुक्ति दिई सुखमयी जीवन व्यतीत गर्नमा टेवा पुऱ्याउनु पर्ने ।

११. स्नातक तथा स्नातकोत्तरका विद्यार्थीहरुको लागि आध्यात्मिक ज्ञान र सामाजिक विकास सम्बन्धी अध्ययन अनुसन्धान गर्ने शोध-स्थल, आध्यात्मिक कक्षा एवम् शिक्षाको महाविद्यालयको स्वरूपमा विकास गरिनु पर्ने ।

१२. साहित्य, सङ्गीत, प्रवर्धन, दर्शन तथा दार्शनिकता, वेद / उपनिषद, भागवत, गीताको चिन्तन गर्ने आकर्षक स्थल तथा गन्तव्यको रूपमा विकास गरी श्रीकृष्ण भक्तिलाई जीवन शैलीका रूपमा अङ्गिकार गर्ने स्वयम्सेवकहरुको क्याडर निर्माण गरिनु पर्ने ।

१३. जङ्गल, जमिन ,जडीबुटी औषधीजन्य बोट विरुवा सहितको बागबगैंचा निर्माण गरी वातावरण सन्तुलन एवम् प्रदुषण न्यूनीकरण अभियान र जलवायु अनुकुलनमैत्री क्रियाकलापहरु तर्जुमा गरी अघि बढ्नु पर्ने ।

आउनुहोस् हामी सबै मिली तन, मन,धनले हरिगुरुको सेवा गरी श्री जगद्गुरुत्तम मन्दिर निमार्ण कार्य सम्पन्न गरौं ।

– एक साधक...,

# सोच ! कति ठूलो अबुझपना छ



अहिलेसम्म हाम्रो मन हरिगुरुतिर अझ बढी तानियो कि तानिएन । तानिएन ? हामीले धेरै बढी गल्ती हरु गरेका छौँ, लापरवाही गरेका छौँ, साधना गरेनौँ, हाम्रो पाप बढ्यो, फिल गर र सावधान भई हाल, नत्र भने यसरी नै पाप बढ्दै जानेछ र मानव देह छिनी हालिन्छ एक दिन । फेरि कुकुर, बिरालो, गधाको योनिमा जानु पर्ने हुन्छ । तब याद आउने छ । हामीले यो उपदेश पाएका थियौँ, हामीले मानेनौँ, बुद्धिको अहङ्कारको कारणले । बुद्धिले त हामीलाई अनन्त जन्म देखि चौरासी लाखमा घुमाएको छ ।

जसरी कुनै अनपढ गवाँर व्यक्ति मुद्दाको लागि एकजना वकिल कहाँ जान्छ, उसलाई सय, दुईसय, पाँचसय दिएर कानूनको ज्ञान लिन्छ । वकिलले भन्छ यसरी यसरी बोल्ने है अदालतमा, यसको अलावा अरु केहि न बोल्नु । अनि त्यही कुरा याद गर्छ, कानूनको त्यति भाग मात्र, र अदालतमा वकिल साबले भने जस्तै डटेर भन्छ, यसरी मुद्दा जित्छ र आफ्नो बुद्धि अलिकति पनि लगायो भने, एउटा वाक्य पनि आफ्नो बुद्धि लगाएर गलत बोल्यो भने सबै मुद्दा शङ्कास्पद हुन जान्छ र शङ्काको फाईदा विपक्षीलाई हुन्छ । अनि सबै कुरा बिग्रिन्छ । जसरी वकिलको शरणागत रहन्छौ, उसैको कुरा अनुसार हिँड्छौ, त्यसै गरी मानिसले गुरुको आदेश अनुसार नै हिँडेर आफ्नो कल्याण गर्नु छ । आफ्नो बुद्धि लगाउन हुँदैन । डक्टरले भन्यो - यो दवाई खानु बस दुई बुँद, एक चम्चा पानी । बस् ! आफ्नो बुद्धि न लगाऊ कि दुई बुँद दवाईले के हुन्छ र ? एक शिशी नै खाँदा भईहाल्छ कि । हेर तिमीहरु पढ्न जान्छौ, ए, बि, सी, डी, क, ख, ग, घ, अनि मास्टरले के भन्छन् यो “क” हो, तिमी यसलाई मानी हाल्छौ, त्यहाँ त तिमीलाई शङ्का हुँदैन कि यो “क” किन भयो ? यसलाई “क” नै किन भनिन्छ ? अंग्रेजी भाषामा कति स्वर साईलेन्ट (आवाज न निकाल्ने) हुन्छन् । अब तिमीले भन्छौ, यो साईलेन्ट किन हुन्छ ? मैले यो लेखिन भने तिमीले अंग्रेजी पढ्न सक्ने छैनौ, बोल्न सक्ने छैनौ । तिमीले मान्नु पर्छ ।

यसै प्रकार -
श्रध्दतस्व तात ! श्रद्धत्स्व ।
वेद भन्दछ - श्रद्धा गर, विश्वास गर, वेद र गुरुको वाणीमा, र त्यसै प्रकार बुद्धिलाई चलाऊ । सरेण्डर गर बुद्धिको, तब लक्ष्य प्राप्त हुन्छ । आफ्नो बुद्धि त मायिक छ, तीन गुणयुक्त छ अनि आफ्नो बुद्धि अनुसार हिँडेर मानिसले भगवद् विषयको लाभ कसरी लिन सक्छ, जब संसारको समेत लाभ लिन सक्तैन ?

अरे ! तिमीले आफ्नो आमालाई आमा, बुवालाई बुवा कसरी भन्यौ, तिमीसँग कुनै सबुत प्रमाण छ ? आमाले भन्नु भएको थियो, बुवाले भन्नु भएको थियो हामी तिम्रो मम्मी डैडी हौँ । बस ! यही हो सबुत ? हेर तिम्रो बुवा आमा ले दिनमा सैकडौं झुठो बोल्नु हुन्छ, उनको कुरा त तिमीले मानी लियौ र वेदको कुरा, भगवान्को कुरा, महापुरुषको कुरा मान्नका लागि बुद्धि लगाउँछौ ?

सोच ! कति ठुलो अबुझपना हो । यस अबुझपनालाई हटाउनु छ र हृदयलाई शुद्ध गर्नु छ ।

जगद्गुरु श्री कृपालु जी महाराज
(साभार : “आत्मनिरीक्षण” पुस्तकबाट)

# श्रद्धाको परिभाषा



शास्त्र गुरु वचनों में गोविन्द राधे।
पूर्ण विश्वास ही है श्रध्दा बता दे॥

शास्त्र-वेद र गुरुको वचनहरुमा पूर्ण विश्वास - यसको नाम श्रद्धा हो । गौरांग माहाप्रभु भन्नुहुन्छ - श्रद्धा माने दृढ विश्वास

गुरु वेदान्त वाक्येषु दृढो विश्वासः श्रद्धा ।
(शंकराचार्य)

श्रद्धा शब्दे कहे विश्वास सुधृढ निश्चय।
(गौरांग माहाप्रभु)

वाल्मिकी को गुरुले भन्नुभयो - मरा मरा भनी राख्नु । बुझ्यौ। जबसम्म म फर्केर न आउँ । हस् । यो प्रश्न नै पैदा गरेन दिमागमा - कहिलेसम्म फर्केर आउनुहुन्छ गुरु जी ? कहिलेसम्म फर्कनु हुन्छ ? भन्नोस् न, कहिले सम्म म पर्खुं हजुरलाई ? शरणागत भएर पनि प्रश्न गर्नुहुन्छ र ? जब मलाई मन लाग्छ, तब म आउँछु, तँ को होस प्रश्न गर्ने वाला ? तेरो अण्डरमा गुरुजी हो कि तँ वाहाँ को अण्डरमा ? बाल्मिकीले सोध्दै सोधेनन्। यो प्रश्न मनमै बनाएनन् । यस प्रकारको सुदृढ निश्चय, पक्का विश्वास हुनुपर्‍यो, अनि गुरु प्राप्त हुनु पर्‍यो तब काम बन्नेछ ।

महापुरुषलाई महापुरुष मान्नु - यो श्रद्धा । कुनै महापुरुषलाई महापुरुष मानिलिनु, सेन्ट पर्सेन्ट, यसैको नाम हो श्रद्धा । अब कुरो मिल्यो ।

सद्‌गुरु बैद्य बचन विश्वासा ।
(रामचरित मानस)

अब विश्वास हुने भयो, उनको वचनमा । उनले जे भनुन् - तर, परन्तु, किन्तु आदि यो लगाउनु छैन ।

जसरी डक्टरले जुन दवाई खान भन्छ, जति पटक भन्छ, जुन परहेज बताउँछ, चुपचाप मान्दै जाऊ। "किन" न भन। डक्टर साब ! यति ठुलो शरीर छ र तपाइँ भन्दै हुनहुन्छ - एक थोपा औषधी एक चम्चा पानीमा हालेर खाऊ। एक थोपा औषधीले यति ठुलो शरीरमा के हुन्छ र। मेरो विचारमा, एक शीशी त एक पल्टमा खानु पर्ला। ठिक छ, मर्ने छौ, जतिसुकै खाऊ, मैले गरूँ उसलाई ? मैले जे भनी रहेको छू त्यो मानी रहेको छैनौ भने ठिक छ, आफ्नो मनमानी गर। त्यसै गरी, ईश्वरीय क्षेत्रमा हामीलाई केही थाहा छैन। जसरी फिजिकल विषयमा रोगीले केही पनि जान्दैन, उसले डक्टरमाथि सेन्ट पर्सेन्ट विश्वास श्रद्धा गरेको हुन्छ। त्यसै गरी स्पिरिचुअल साइडमा हामीलाई केही पनि थाहा हुँदैन यसकारण स्पिरिचुअल मैन रुपी डक्टरको कुरा सेन्टपर्सेन्ट मान्नु पर्छ। यही श्रद्धा हो।

जति बढी अन्तःकरण पापयुक्त हुन्छ त्यति नै बढी अश्रद्धा हुन्छ। उसले हरेक स्थानमा बुद्धि लगाउँछ र तर्क, वितर्क, कुतर्क, अतितर्क, संशय गर्नेछ।

जति धेरै पापभित्र हुन्छ त्यति नै बढी हामी टाढा पुग्छौ महापुरुष्र भगवान्बाट। श्रद्धामा त्यति नै बढी गडबडी हुन थाल्छ। हेर ! यसरी बुझ्न सक्छौ - एउटा चुम्बक छ। त्यसको चारैतिर फलामको सुईहरु राखी देउ तर एउटा सुई क्लिन अर्थात् शुद्ध फलामको छ, एउटामा चार परसेन्ट मिसावट, एउटामा दस परसौन्ट, एउटा मा ८० परसेन्ट मिसावट - यस प्रकारका सुईहरू छन्। जुन शुद्ध फलामको हो त्यो तुरन्तै टाँसिन्छ र जसमा अलिकति मिसावट छ, थोरै मात्र, त्यो पनि टाँसिन अगाडि जान्छ र जति धेरै मिसावट हुन्छ, त्यो आफ्नो ठाँउमा खडा रहन्छ। त्यसमा कुनै परिवर्तन आउँदैन। त्यसै प्रकार जब भगवान्ले अवतार लिनु हुन्छ वा हामीले कुनै महापुरुष भेट्छौँ तब हामी उनकोतर्फ आकर्षित हुन्छौँ, अनि उनीतर्फ आकर्षित हुने सीमा अन्तःकरण शुद्धिको कारण हो। कति पाप हामी भित्र छ, कति फोहर मन छ, त्यसै प्रकारले हामी आकर्षित हुन्छौँ।

त्यो पाप जसको जति धेरै छ, उ त्यति ढिलो भगवान् तर्फ जानेछ। जानेछ, एक दिन त्यो पनि पुग्ने नै छ। यहाँ देखि इलाहाबाद गई रहेको छ। एक व्यक्ति कारमा गइरहेको छ। ठिक छ, एक घन्टामा पुग्छ। एक जना मोटरसाइकल बाट गइरहेको छ, त्यो पनि डेढ घन्टामा पुग्छ। एक जना साईकलमा गई रहेको छ, तिन घन्टामा पुग्छ। एक जना पैदल गइरहेको छ, त्यो पनि पुग्छ। हिडिराख्यो भने एक दिन पुग्छ।

यसमा पूर्वजन्मको संस्कारको कारण पनि हुन्छ। पूर्व जन्ममा कसैले साधना धेरै गरेको छ भने त्यसको श्रद्धा छिटो हुन्छ, शरणागति छिटो हुन्छ र त्यो छिटो छिटो अगाडि बढ्छ। यदि पूर्वजन्मको संस्कार कमजोर छ भने यस जन्मको साधना अनुसार नै हिँड्छ। यो हाम्रो अन्तःकरणको मलिनताको प्रमाण हो -

यावत् पापैस्तु मलिनं हृदयं तावदेव ही।
न शास्त्रे सत्यता बुद्धिः सद्बुध्दिः सद्गुरौ तथा॥
(ब्रह्मवैवर्त पुराण)

कुनै जीवको सामुन्ने कुनै महापुरुष उभे र उ तिर हेरे, अब त्यो जीव खुसीले पागल हुनु पर्ने हो। के तिमी देखिने लायक छौ र ? तिम्रो सामुन्ने त घोर सांसारी प्राइम मिनिस्टर वा प्रेसिडेन्ट समेत उभिदैनन् तिमीलाई हेर्नका लागि, एउटा महापुरुष उभिएर तिमीतर्फ हेरे, हेरे बोले पनि ? हो बोले पनि। स्पर्श पनि गरे। अरे ! तिमीले के त्यस्तो पुण्य गरेका छौ र ? खै, आफूलाई थाहा नै छैन, के पुण्य गरेँ। कहिल्यै गरेको थिए होला। अर्को जन्ममा। हामीलाई भेटे, हेरे पनि, स्पर्श पनि पायौं, प्रेम पनि तर फेरि पनि हामीले त्यसको महत्त्व बुझेनौं। जसरी हाम्रो पिताजीले हामीलाई पिठ्युँमा धाप हान्नुभयो, त्यसरी नै गुरुजीले पनि हान्नु भयो होला। के त्यस्तो कुरा छ र यसमा ? सबै बराबर छन्। अन्तःकरण फोहर हुँदा महापुरुषको महत्त्व समझमा आउँदैन र न उनीप्रति श्रद्धा नै हुन्छ।

- जगद्गुरु श्री कृपालु जी महाराज




## जगद्गुरूत्तम दिवस

# भक्तियोगरसावतार

कालो घुंग्रिएको कपाल, प्रेमयुक्त नेत्र, चित्त नै छुने मृदु मुस्कानका साथ जब ३४ वर्षीय आचार्यश्री काशी विद्वत सभाको बीचमा प्रवेश गर्नुभयो, सबै विद्वानहरू मन्त्रमुग्ध भएर हेरेको हेरेइ भए । श्रीमहाराजजीद्वारा समस्त शास्त्र, वेद, पुराण एवं अन्यान्य धर्मग्रन्थहरूलाई अलौकिक ज्ञानयुक्त कठिन संस्कृतमा धारा–प्रवाह रूपमा वक्तव्य सुने पछि उपस्थित विद्वान्हरू नतमस्तक त भए नै भनै उहाँको दिव्यातिदिव्य देहकान्तिबाट निर्भरित भक्तिपीयूष धाराले सबै विद्वान्हरूले उहाँलाई भक्तियोग रसावतार हुनुहुन्छ भन्ने स्वीकार्नको लागि बाध्य पारिदियो । उहाँको उपस्थितिले सभामा अनुपम रस धारा प्रवाहित गरिरहेको थियो। सबका हृदयमा अपार उल्लासमय वातावरण संचार भइरहेको थियो मानौं राधाकृष्ण–भक्ति मूर्तिमान हुनुभएको जस्तो । भक्तिको अन्तिम परिणतिको नाम हो महाभाव । सोही महाभावकी मूर्तिमान बिग्रह हुनुहुन्छ श्री राधारानी । भक्ति एवं रस दुवैको अपूर्व समिश्रण नै कृपालु जी महाराज हुनुहुन्छ । अतः महाराजजी राधा कृष्ण दुवैका सौन्दर्यरूपी अमृतका भण्डार रसिकशिरोमणि हुनुहुन्छ, प्रेमका साक्षातस्वरूप जगद्गुरु वेद, शास्त्रज्ञ त हुनुहुन्छ नै साथै भक्तियोगरसावतार पनि हुनुहुन्छ । काशी विद्वतमण्डलद्वारा उद्घोषित भक्तियोगरसावतार स्वरूप उहाँको जीवनका हरेक क्षणमा परिलक्षित हुन्छ । सबै मूर्धन्य विद्वान्हरू एवं भक्तजनहरूलाई साधनाको प्रत्यक्ष आभाषमात्र होइन पूर्ण विश्वास पनि छ। जगद्गुरू श्री कृपालु जी महाराज स्वयं श्री गौराङ्ग महाप्रभुका नै स्वरूप हुनुहुन्छ । काशी विद्वतपरिषत् पश्चात् कुनै शब्द प्रमाणहरूको आवश्यकता नै छैन । प्रत्यक्षरूपमा पनि आचार्यश्रीको दिव्यविरहोन्माद अवस्थामा आठौँ सात्विक भाव प्रकट हुन्छ। यो भाव देखेर भावुक भक्त तथा तत्त्वज्ञानी पनि गौराङ्ग महाप्रभु नै कलिमल ग्रसित जीवहरूलाई भगवत्स्मृतिविहीन संकीर्तनको समयमा सबैलाई ब्रजरसद्वारा ओतप्रोत गरिदिनु नै उहाँभित्र लुकेको ब्रजरस सागरको परिचय हो । महारसिकहरूले जुन ब्रजरसको वर्षा गरेका छन् त्यो ब्रजरसलाई ब्रजरसपात्र, अपात्रको कुनै बिचारै नगरी जगद्गुरु श्री कृपालु जी महाराजले सबैलाई सो ब्रजरस पिलाइरहनुभएको छ । उहाँको दर्शनमात्रबाट पनि चित्तवृत्ति परिवर्तन भैजान्छ, दुष्ट प्रकृतिवालाको समेत उद्धार भैजान्छ । यस कलियुगका जीवहरूको पाप कलुषित चित्तमा समेत युगल प्रेमको संचार हुनु उहाँको भक्तियोगरसावतार स्वरूपले प्रमाणित गर्दछ । आचार्यश्री श्रीकृष्णको नाम, रूप, लीला, गुण, धाम, संकीर्तनको समयमा कहिले हाँस्नुहुन्छ, कहिले रुनुहुन्छ, कहिले गाउनुहुन्छ, कहिले उन्माद रोगीजस्तै गरी नाच्न थाल्नुहुन्छ। प्रेमास्पदको यादमा वृक्षसमान स्थिर भै समाधिस्थ हुनु, पसिना निस्किनु, आवाज बदलिनु, शरीर काँप्नु, चेहराको रङ्ग बदलिनु, आँसु निस्किनु, मुर्छित भैजानु आदि अष्ट सात्विक भावका अगाध दिव्य प्रेमको परिचय हो । आचार्यश्रीभित्र यी सबै सात्विक भावहरू जब प्रकट हुन्छन् तब सम्पूर्ण वातावरण भक्तिरसद्वारा ओतप्रोत भैजान्छ। एक–एक अङ्गबाट यस्तो सुधाधारा प्रवाहित हुन्छ जसले सबैको अङ्गप्रत्यङ्गमा अमृत सञ्चार गरिदिन्छ। भक्तवृन्द आल्हाद सुधासरितामा बग्दछन्। सबैको हृदय अपार आनन्दद्वारा भरिभराउ भैजान्छ। यस्ता भक्तियोगरसावतार जगद्गुरुलाई कोटि कोटि प्रणाम !!!




आदरणीय श्री घनश्यामदासजी महाराजको सानिध्यमा सत्संग कार्यक्रम – भक्ति–मन्दिर, श्यामा श्याम धाम, ठिमी, भक्तपुर




जगद्गुरुत्तम महाप्रयाण दिवसको अवसरमा आयोजित साधु सेवा – श्यामा श्याम धाम, ठिमी, भक्तपुर





जगद्गुरुत्तम महाप्रयाण दिवसको अवसरमा आयोजित बटुक सेवा – श्री जगद्गुरुत्तम मन्दिर, हेटौंडा






डिभाइन युथ क्लब नेपाल, हेटौंडाद्वारा आयोजित खुल्ला रक्तदान कार्यक्रम – हटिया, हेटौंडा

# जगद्‌गुरुत्तम महाप्रयाण दिवसको उपलक्ष्यमा आयोजित सामाजिक कार्य





बटुक सेवा – श्यामा श्याम सत्संग, रामबजार, पोखरा




बटुक सेवा – बिर्तामोड, झापा



बटुक सेवा – पुतलीबजार, स्याङ्जा




गौ–सेवा – घोराही, दाङ



ज्येष्ठ नागरिक सेवा – तम्घास, गुल्मी



बटुक सेवा – तुलसीपुर, दाङ



गौ–सेवा – पाशुपतक्षेत्र, काठमाण्डौ

# जाजरकोट भुकम्प पीडितजनहरुलाई राहत सामग्री वितरण



















# जाजरकोट भुकम्प पीडितजनहरुको लागि आयोजित निःशुल्क स्वास्थ्य शिविर

















# न्यानो वस्त्र वितरण अभियान





विपन्न वर्गका विद्यार्थीहरुलाई न्यानो वस्त्र वितरण – श्री भैरव प्रा. वि., बागमती – ०८, मकवानपुर




विपन्न वर्गका विद्यार्थीहरुलाई न्यानो वस्त्र वितरण – तम्घास, गुल्मी





श्री करथरी माध्यमिक विद्यालय – धुलिखेल, काभ्रे भञ्ज्याङ्ग




श्री सरस्वति प्रा. वि., – दमक, झापा

# न्यानो वस्त्र वितरण अभियान



जनप्रिय आधारभुत विद्यालय - दार्चुला



श्री नवदुर्गा प्रा. वि., श्री धुर्व मा. वि. - माडि, तार्काङ्ग, कास्की




श्री नवदुर्गा माध्यमिक विद्यालय - धनगढी



श्री कृष्ण संस्कृत मा. वि. - विरेन्द्रनगर, सुर्खेत





विपन्न वर्गका विद्यार्थीहरुलाई न्यानो वस्त्र वितरण - जाजरकोट





विपन्न वर्गका विद्यार्थीहरुलाई न्यानो वस्त्र वितरण - जाजरकोट



श्री दशरथचन्द मा. वि. – बैतडी



जय बागेश्वरी असहाय बाल संरक्षण केन्द्र – सोनारी, राप्ती

## विविध सामाजिक कार्यक्रम






गौ-सेवा – श्यामा श्याम सत्संग, रामबजार, पोखरा





रिमा सेवा समाजमा आश्रित जनहरुकोलागि आवश्यक खाद्यान्न सामग्री हस्तान्तरण – बुढानिलकण्ठ ०७, गोल्फुटार, काठमाण्डौ






जिल्ला अस्पतालमा भर्नाभएका विरामीहरुलाई फलफूल वितरण – जिल्ला अस्पताल, जाजरकोट

# त्रि-दिवसीय साधना शिविर
## दमक, झापा






















सुमिरन कर ले मना, छिन छिन राधारमना।
तन तो है माटी का बना, माटी में ही मिलेगा मना।
जाने कब छिने ये तना, याते हरि भूलो न क्षना।
सब कछु होगा तजना, सँग जाय हरि भजना।
हरि तो 'कृपालु' अपना, यह हरि श्रुति वचना॥